हिमाली शान्ति

वर्ष २०, अंक २, मार्च २०१४

विश्वासबाट एकताको घेरा फराकिलो हुन्छ ।

नयाँ श्रृंखला

विजय तर्फ

दि न्यू ह्युमेन रिभोलुसनबाट उद्धृत
गरिएका मार्गदर्शनहरू



बारम्बार उद्धृत श्रोतहरु

निचिरेन दाइशोनिनका लेखहरूको पहिलो अध्यायलाई WND-1 र क्रमश दोश्रो अध्यायलाई WND-2 पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

निचिरेन दाइशोनिनको गोशो संग्रहलाई GZ पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

मौखिक रूपमा प्रचार गरिएको उपदेशहरूको रेकर्डलाई OTT पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

Burton Watson (वर्टन वात्सन) द्वारा अनुवाद गरिएको सद्धर्मपुण्डरीक सुत्रलाई LS पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

विषय सूचीः

हिमाली शान्ति मार्च

सम्पादकको कलम २
(एस.जि.आई. का अध्यक्ष इकेदा सेन्सेइको सन्देश)

छलफल सभाको विषय ३
(प्रार्थनाको शक्ति, प्रार्थनाः कुनै विन्ती होइन प्रण हो)

विजय तर्फ ८
(कर्म रूपान्तरण/बुद्धधर्म भनेको कारण हो/बलियो आस्था)

प्रश्न/उत्तर १२
(हाम्रो "प्रार्थनाहरू" किन उत्तरीत हुन्छन् ?)

गोशो १७
(ब्रम्ह र शक्रका कार्यहरू)

मार्गदर्शन २८
(दाईमोकुको शक्तिको बारेमा गुरू इकेदाको मार्गदर्शन)

तपाईको परिवारका सदस्यहरू सुखी बन्न सकोस् भन्ने हेतु दाइशोनिनको बुद्धधर्मको आस्था अंगालोस् भनेर प्रार्थना अर्पण गर्नु अवश्य महत्वपूर्ण छ तर त्यो भन्दा आधारभूत कुरा भनेको तपाईहरू सबैले आ-आफ्नो जीवनमा यस आस्थाको महानतालाई प्रदर्शन गर्नु हो ।

प्रधान सम्पादक : श्रीमती सहना श्रेष्ठ
सह सम्पादक : श्री कृष्ण दवाडी, सुश्री युरिका शाक्य, श्री विजेन श्रेष्ठ
कम्प्युटर कला सल्लाहकार : श्री नविन मानन्धर
रिपोर्टर : सुश्री दिक्षा सिंह
प्रुफ रिर्डर : श्री लक्ष्मण डंगोल

सर्वाधिकार : नेपाल सोका गाक्काई इन्टरनेशनलमा सुरक्षित,

फोन नं : ४०३८५८२ ४०३८५८३ पोब : ७८८ कलंकी, काठमाण्डौ, नेपाल ।
मूल्य : रु ३० ।

यस साधनामा एक्लै उभिने भावना झल्किन्छ

बुद्धधर्मले हामी सबैको असीमित क्षमता छ भन्ने कुरा सिकाउँदछ । यसका साथै हाम्रो निरन्तर दैनिक प्रार्थनाको साधनाले जीवनलाई उच्चकोतीमा रूपान्तरण गर्छ जसले हामी परिवार, समूदाय र समाजमा सकारात्मक प्रभाव र विस्तार हुन सक्छ । यसको शुरूवात सधैं एक व्यक्तिबाट नै हुन्छ र यस प्रक्रियालाई मानव क्रान्ति भनिन्छ ।

निचिरेन दाइशोनिनको शिक्षाको फैलावटलाई मध्यनजर गर्दा, निचिरेन दाइशोनिन र एस.जि.आई. का संस्थापक अध्यक्षहरू आफ्नो आस्थामा दृढ थिए र आफ्नो जीवनलाई जोखिममा राखेर सुनदर विश्वको सिर्जना गर्ने अथक प्रयास गर्नु भयो । यस साधनामा एक्लै उभिने भावना झल्किन्छ ।

कोसेनरूफुको महान संकल्पमा प्रतिबद्ध भएर हामीले आफूमा निहित प्रबुद्ध जीवनावस्थालाई प्रकट गरौं । यस भावनाले हामीमा अझ क्रियाशिल भएर दुःखमा परेका व्यक्तिहरूलाई बचाउन सकिन्छ र तिनीहरूको जीवनलाई शसक्तिकरण गर्न सकिन्छ । वार्तालापको शक्तिले हामीले अरूलाई साहस र विश्वास दिएर प्रेरित गर्न सक्छौं । एस.जि.आई. का तीन अध्यक्षहरूको एक्लै उभिने भावना गुरू र शिष्यको एकत्व नै भित्री रूपान्तरणको शुरूवात हुन सक्छ ।

मार्च १६, १९५८ मा जोसेइ तोदाले कोसेनरूफुको उत्तराधिकारी युवालाई सुम्पिनु भएको दिन, गुरू र शिष्यको एक मनको महान उत्सव हो । यहि दिनलाई युवाहरूले विशेष दिनको रूपमा लिएर गुरू संगै कोसेनरूफुको संकल्पलाई पूरा गर्न प्रतिबबद्धता जाहेर गर्दछन् ।

संसारकै सम्पूर्ण एस.जि.आई. का सदस्यहरूले यस दिन कोसेनरूफुको लागि गरेका प्रतिबद्धतालाई पुनःनिश्चय गर्दछन् । जसरी अध्यक्ष तोदाले १९५८ को ऐतिहासिक मार्च १६ को दिनमा आफ्ना युवा शिष्यहरूलाई कोसेनरूफुको लक्ष्यलाई सुम्पिनु भयो, त्यसरी नै अध्यक्ष इकेदाले अहिले सम्पूर्ण प्रयासहरू विश्वभरका आजका सदस्यहरूको उत्तराधिकारीहरूको अप्रत्यासित विजयमा प्रोत्साहन दिइरहनु भएको छ ।

यस नयाँ युगको कोसेनरूफुको दिनमा अध्यक्ष इकेदाबाट कोसेनरूफुको झण्डा लिने विश्वभरका एस.जि.आई. सदस्यहरूको हृदयमा विशेष उत्सव हुनेछ ।

जापानमा २०१३ मा दिनु भएको युवाहरूलाई सन्देशमा अध्यक्ष इकेदा भन्नु हुन्छ, "तपाई यस महत्वपूर्ण समयमा नयाँ रंगमञ्चमा उभिनु भएको छ। तपाई आफैंले रोजेको जीवनको मार्गमा सच्चा भएर रहन आग्रह गर्दछु र अनादिकाल देखि लिनु भएको प्रतिज्ञालाई गर्वसाथ समर्थन गर्नुस्, कुनै पनि प्रयासलाई खेर नफाली, तपाईसंग परिचित र भेटेका हरेक व्यक्तिलाई हेरविचार र प्रोत्साहन गर्दै जानुस् ।

अध्यक्ष इकेदाको मार्गदर्शनलाई आत्मसाथ गर्दै कोसेनरूफुको अभियानमा हामी सबै संगै उभिएर एक अर्कोलाई साथ दिंदै अघि बढ्दै जाऔं र जीवनमा विजयी बनौं ।

सम्पादक
हिमाली शान्ति

प्रार्थनाको शक्ति

प्रार्थना: कुनै विन्ती होइन प्रण हो

हरेक दिन मानिसहरूले आ-आफ्नै किसिमले प्रार्थना गर्दछन् ।

एस.जि.आई. का अध्यक्ष इकेदा लेख्नुहुन्छ, "सम्पूर्ण प्राणीहरू मध्ये मनुष्यमा मात्र प्रार्थना गर्ने क्षमता हुन्छ जुन एकदम सत्यनिष्ठ र अतिउत्कृष्ट कार्य हो ।" *(Discussion on Youth, vol 2. p. 165)*

यद्यपि, धेरै धर्महरूको दैनिक रूपमा गरिने आ-आफ्नै प्रार्थनाहरू हुन्छन्, निचिरेन बुद्धधर्मको प्रार्थना भन्नाले नाम् म्योहो रेङ्गे क्यो को प्रार्थना हो जुन अद्वितीय छ र यसले ब्रम्हाण्डको अद्भूत धर्मसंग प्रत्यक्ष सम्बन्ध गराउँछ ।

प्रार्थना, बुद्धधर्मको सार हो । नाम् म्योहो रेङ्गे क्यो को प्रार्थनाले आफू भित्र विद्यमान "हिरा" (बुद्ध गुण) लाई चम्काउन र उजागर गर्न मद्दत गर्दछ । प्रार्थनाद्वारा हामीले आफ्नो बुद्ध गुणलाई अगाडि ल्याउन सक्छौं र हामी आफूलाई बुद्धको रूपमा हेर्न सक्छौं ।

तर प्रार्थनाले कसरी काम गर्छ र कसले प्रार्थनाको जवाफ पाउँछ ?

शब्दकोषले परिभाषित गरे अनुसार प्रार्थना भन्नाले भगवानलाई शब्द वा विचारले सम्बोधन गर्ने, इमान्दार अनुरोध वा चाहना, भद्र तरिकाले अनुरोध गर्नु वा विन्ती गर्नु हो । यस परिभाषा अनुसार, जब भगवानले ती अनुरोध, वा विन्तीहरूलाई सकारात्मक प्रतिक्रिया दिन्छ भने प्रार्थनाको उत्तर आएको ठहर हुन्छ ।

प्रार्थना भनेको माग्ने होइन, प्रतिज्ञा गर्ने हो

निचिरेन बुद्धधर्ममा प्रार्थना भनेको विन्ती होइन । प्रार्थना भनेको माग्ने पनि होइन । आफ्नो हित वा कृपाको लागि देवताहरू वा बाह्य शक्तिहरूलाई अनुरोध गर्नु होइन । अन्तत्वगत्वा, हामी हाम्रो सुखको निम्ति कुनै पनि बाह्य कुरामा निर्भर छैनौं । हामी बाह्य वस्तु गोहोन्जोनलाई प्रार्थना त गर्छौं, तर हाम्रो ध्यान सहयोगको लागि अनुरोधको सूची होइन । हामी आफूलाई अद्भूत धर्मसंग तालबद्ध गर्न र बुद्ध गुणलाई उजागर गर्न प्रार्थना गर्छौं ।

निचिरेन दाइशोनिन लेख्नुहुन्छ, "तपाईले नाम् म्योहो रेङ्गे क्यो मा विश्वास गर्नु भएतापनि, यदि धर्म तपाई आफू भन्दा बाहिर छ भन्ने सोच्नु हुन्छ भने तपाईले अद्भूत धर्म अंगालेको नभई अरू नै कुनै तल्लो शिक्षालाई अंगालेको ठहर हुन्छ ।" *(On Attaining Buddhahood in This Lifetime WND, p.3)*

निचिरेन बुद्धधर्ममा, प्रार्थना भनेको प्रतिज्ञा वा संकल्प हो जुन तपाईले आफ्नो जीवनलाई, आफ्नो र अरूको सुखको निम्ति या भनौं कोसेनरूफु (संसार र मानव जातिको शान्ति र सुख) को लागि गर्वका साथ जीउनु हो । यहि संकल्प हाम्रो जीवनमा विद्यमान विवेक, साहस र जीवन शक्तिलाई उजागर गर्ने दृढताको रूपमा अभिव्यक्त हुन्छ जसले सम्स्याहरूलाई समाधान गर्दै, दैनिक जीवनमा विजयी हुने, सुख प्राप्त गर्ने र अरूलाई पनि यस्तै गर्न मद्दत गर्दछ ।

प्रार्थना भनेको अनुमति माग्नु होइन, यो त हाम्रो बुद्धत्व प्रकट गर्नु हो

सुखी, विजयी र पूर्ण जीवन जिउन आवश्यक सबैकुरा हामी भित्रै विद्यमान छन् । तर मुख्य कुरा हामीले ती गुणहरूलाई कसरी उजागर गर्ने भन्ने हो । यसको उत्तर गोहोन्जोन प्रतिको प्रार्थनामा निर्भर गर्दछ । गोहोन्जोनलाई प्रार्थना गर्नु, आफ्नो समस्याहरूको समाधान वा चाहनाहरूलाई पूरा गर्नको निम्ति गर्ने अनुरोध वा विन्ती होइन । प्रार्थनाले आफ्नो बुद्ध गुणलाई उजागर गर्न समर्थ तुल्याउँछ जसले गर्दा हामीले आफ्नो विवेक र जीवन शक्ति प्रयोग गरेर आफ्नो तथा हाम्रो वरिपरि रहेका मानिसहरूको जीवनको प्रगति गर्न सक्छौं ।

प्रार्थनाले हाम्रो दैनिक जीवनका चुनौती र संघर्षहरूलाई विवेक र धैर्यताका साथ सामना गर्न मद्दत पुऱ्याउँछ । प्रार्थनाद्वारा हामीले असम्भव लाग्ने कुराहरू माथि पनि विजय प्राप्त गर्न सक्छौं ।

हामीले गोहोन्जोनलाई प्रार्थना गरेतापनि हाम्रो ध्येय भनेको आफूलाई बलियो र स्वावलम्बी बनाउन आफू भित्र विद्यमान गुणहरूलाई उजागर गर्नु र क्रियाशील बनाउनु हो ।

अध्यक्ष इकेदा लेख्नुहुन्छः "यदि हामीले बुचुदान भित्र रहेको गोहोन्जोन महान छ र यसलाई मद्दतको निम्ति मात्र माग्ने वा बाह्य वस्तुको रूपमा मात्र भर पर्यौं भने गोहोन्जोनलाई जतिसुकै प्रार्थना गरेतापनि हामी चम्कन सक्दैनौं । त्यस्तै गरि केही नराम्रो घटना घट्यो भन्दैमा त्यो सबै गोहोन्जोनको कारणले भएको भन्ने गुनासो गर्नुमा पनि यही कुरा लागू हुन्छ ।"

हरेकसंग बुद्धत्व प्रकट गर्ने क्षमता हुन्छ । यो कुनै विशिष्ट समूहका लागि होइन । सबै मनुष्यमा यो क्षमता हुन्छ । तर यदि हामीले आफू बाहिर खोज्यौं भने हाम्रो बुद्धत्व प्रकट हुनेछैन । यो "चम्कने" छैन ।

प्रार्थनाले हाम्रो दैनिक जीवनका चुनौती र संघर्षहरूलाई विवेक र धैर्यताका साथ सामना गर्न मद्दत पुऱ्याउँछ । प्रार्थनाद्वारा हामीले असम्भव लाग्ने कुराहरू माथि पनि विजय प्राप्त गर्न सक्छौं ।

"प्रार्थना मस्तिष्कको क्रिया होइन, यसको लागि आस्था चाहिन्छ

प्रार्थना मस्तिष्कको क्रिया होइन । यो कुनै मानसिक वा बौद्धिक प्रकृया पनि होइन । प्रार्थनाको लागि सिद्धान्तको गहिरो विश्लेषण चाहिंदैन । यसको लागि केवल आस्था चाहिन्छ । तथापि यसले निचिरेन दाइशोनिनको बुद्धधर्म अध्ययनका निम्ति गरिने प्रयत्नको महत्वलाई भने नकार्दैन । हामीले आफ्नो आस्था गहिरो बनाउन र साधनाको सही भावना बुझ्नको लागि अध्ययन गर्नुपर्दछ न कि मात्र ज्ञान हासिल गर्ने उद्देश्यले । अन्ततः हामीले जीवनमा बुद्धत्व तथा वास्तविक सुख प्राप्त गर्छौं भन्ने कुराको निश्चय हाम्रो आफ्नो आस्था र प्रार्थनाले गर्दछ ।

दाइशोनिन वाचा गर्नुहुन्छः "यदि तपाईंले अविलम्ब आशीर्वादहरू दिनुस् भनेर इमान्दार प्रार्थना गर्नुहुन्छ भने तपाईंको प्रार्थना कसरी निरूत्तर हुन सक्छ ?" *(On prayer WND, p. 346)*

निचिरेन बुद्धधर्मको साधना गरेको केही समय भइसकेकाहरूले उनीहरूको पहिलो महिना वा पहिलो वर्षको साधनाको दौरान प्राप्त गरेका अनुभवहरू संझनु हुन्छ होला । अत्यधिक गतिमा घटनाहरू घटिरहेको, परिवर्तन भैरहेको र विकास भैरहेका हुन सक्छ । हामीले कहिल्यै पार लगाउन सकिंदैन होला भनेर सोचेका अवरोधहरूलाई दृढ प्रार्थना र कार्यले समाधान भएको पाउँछौं ।

जब प्रार्थनाहरु निरुत्तर भैरहेको जस्तो लाग्छ

जब हाम्रो साधना गहिरिंदै जान्छ, आफूले सोचेको जस्तो सहज रूपमा काम कुरा नभएको आभास हुन सक्छ । त्यही प्रार्थना जुन पहिला गर्दा त्यसको प्रतिफल तुरून्तै पाइन्थ्यो भने अहिले त्यसको प्रतिफल नआएको लाग्न सक्छ । यस्तो किन हुन्छ ?

अक्सर, हामीले ठान्छौं कि हाम्रो प्रार्थनाको फल सधैं तुरून्तै पाउनेछौं । हामी "तत्क्षण" परिणाम वा स्पष्ट रूपमा देखिने लाभहरूको आश गर्छौं र जब त्यस्तो हुँदैन हामी निरूत्साहित हुन्छौं । तर प्रार्थना र यसको प्रतिफल हामीले सोचेको जस्तो सरल हुँदैन । अक्सर प्रार्थनाहरूको जवाफ आउँछ तर प्रतिफल अझै अदृष्य रहेको हुन्छ ।

दाइशोनिन भन्नुहुन्छः "प्रार्थनाको सन्दर्भमा, प्रत्यक्ष प्रार्थना र प्रत्यक्ष प्रतिक्रिया, प्रत्यक्ष प्रार्थना र अप्रत्यक्ष प्रतिक्रिया, अप्रत्यक्ष प्रार्थना र अप्रत्यक्ष प्रतिक्रिया र अप्रत्यक्ष प्रार्थना र प्रत्यक्ष प्रतिक्रिया हुन्छन् । तर सबैभन्दा महत्वपूर्ण कुरा, यदि तपाईंले यस सूत्रमा विश्वास गर्नुहुन्छ भने सम्पूर्ण इच्छाहरू वर्तमान र भविष्यमा पूरा हुनेछन् ।" *(Letter to the Lay Priest Domyo WND, p. 750)*

अर्को शब्दमा, कुनै बेला त्यस्तो समय पनि आउन सक्छ जुनबेला हामीले प्रत्यक्ष प्रार्थना गर्दछौं र यसको प्रत्यक्ष नै प्रतिफल पाउँछौं । तर कुनै बेला त्यस्तो पनि समय आउन सक्छ जुनबेला हामीले प्रत्यक्ष प्रार्थना गर्छौं तर यसको अप्रत्यक्ष प्रतिफल पाउँछौं (वर्तमानमा लाभ स्पष्ट रूपले देखिदैन) । उदाहरणको लागि, हामीले रोगबाट निको हुनको लागि प्रार्थना गर्न सक्छौं तर हाम्रो शरीर बलियो हुदै गएको र रोगसंग लडिरहेको भएतापनि रोग पूर्ण रूपले निको नहुनाले हामीले स्पष्ट लाभ देख्न सक्दैनौं । हामीले अप्रत्यक्ष प्रार्थना पनि गर्न सक्छौं (हामीले खुला रूपमा व्यक्त गर्न नसकेका प्रार्थनाहरू) यसको प्रत्यक्ष प्रतिफल आउन सक्छ (हाम्रो समस्याहरू अझै समाधान नभएतापनि हामी बलियो र विवेकी हुंदै जानु हो) । त्यस्तो समय पनि आउँछ जहाँ हामीले अप्रत्यक्ष प्रार्थना गर्दछौं र त्यसले अप्रत्यक्ष प्रतिफल नै दिन्छ ।

हामीले विश्वास गर्छौं वा गर्दैनौं तर हाम्रो प्रार्थनाको उत्तर आउँछ । हामीले चाहेको जस्तो कामकुरा भइनराखेतापनि निरन्तरता दिइरहनु नै आस्थाको उद्देश्य हो । अध्यक्ष इकेदा लेख्नुहुन्छः "प्रार्थना उत्तरीत हुन थुप्रै तत्वहरू समावेश भएका हुन्छन् तर महत्वपूर्ण कुरा भनेको उत्तर नआएसम्म प्रार्थना गरिरहनु हो । निरन्तर प्रार्थनाद्वारा तपाईले आफ्नो दृढतालाई प्रतिविम्वित गर्न सक्नु हुन्छ र जीवनलाई इमान्दार, दृढ प्रयास र सकारात्मक दिशातिर लान सक्नु हुन्छ । तपाईको प्रार्थनाले तुरून्तै कुनै ठोस परिणाम नदिएतापनि तपाईको निरन्तर प्रार्थनाले कुनै न कुनै दिन तपाईले सोचेको भन्दा ठूलो लाभ प्राप्त गर्नुहुनेछ ।"

प्रार्थनाहरू उत्तरीत हुन्छन् । प्रार्थनाको परिणामहरू स्पष्ट रूपले देख्न नसकेतापनि निरन्तर प्रार्थना गर्नु आवश्यक छ । यसैलाई नै बलियो आस्था भनिन्छ । तर अझै पनि प्रार्थना उत्तरीत हुन्छ वा हुँदैन भन्ने शंका छ भने निचिरेनको जीवनलाई हेर्नु जरूरी हुन्छ । दाइशोनिनले निरन्तर कठिनाई र यातनाहरूको वावजुद जिउनु भयो र त्यसको तुलनामा हाम्रो समस्याहरू साना हुन् । उहाँको उद्देश्य न आफ्नो खुशीको लागि थियो न त उनको शिष्य र अनुयायीहरूको लागि नै थियो । बुद्ध गुणलाई उजागर गर्ने व्यक्ति कतिसम्म सफल हुन सक्छ भन्ने उदाहरण स्थापित गर्न उहाँ दृढताका साथ लागिपर्नु भयो । अनन्तकालसम्म मानव जातिको सुख र शान्ति नै उनको लक्ष्य थियो । यसै दृढ प्रार्थनाले अन्ततः उनले सबै कठिनाईहरू माथि विजय हासिल गरे । यदि हाम्रो मन पनि दाइशोनिनको जस्तै छ भने हामी असफल हुनै सक्दैनौं ।

हामीले विश्वास गर्छौं वा गर्दैनौं तर हाम्रो प्रार्थनाको उत्तर आउँछ । हामीले चाहेको जस्तो कामकुरा भइनराखेतापनि निरन्तरता दिइरहनु नै आस्थाको उद्देश्य हो । अध्यक्ष इकेदा लेख्नुहुन्छः "प्रार्थना उत्तरीत हुन थुप्रै तत्वहरू समावेश भएका हुन्छन् तर महत्वपूर्ण कुरा भनेको उत्तर नआएसम्म प्रार्थना गरिरहनु हो ।

भक्त" र "साधकहरू" वीचको भिन्नता

निचिरेन दाइशोनिन भन्नुहुन्छ, "हामीलाई थाहै छ कि सद्धर्मपुण्डरीक सूत्रका साधकहरूले अर्पण गर्ने प्रार्थनाहरू भनेको ध्वनीको उत्तर प्रतिध्वनी भए जस्तै, छायाँले शरीर पछ्याए जस्तै, सफा पानीमा चन्द्रमाको प्रतिविम्व देखे जस्तै, ऐनाले शीतको

थोपा संकलन गरे जस्तै, चुम्बकले फलामलाई आकर्षण गरे जस्तै, अथवा सफा ऐनाले वस्तुको रङ्गलाई प्रतिविम्वित गरे जस्तै उत्तरीत हुनेछन् ।" *(On Prayer WND, p. 340)*

बुद्धधर्म आत्मनिर्भरतामा आधारित भएतापनि आत्मोपकारी होइन । हाम्रो सपना र आकांक्षाहरूका साथ हाम्रो व्यक्तिगत सुख नै अन्तिम होइन । निचिरेन दाइशोनिनको दर्शनलाई अंगाल्नु भनेको सम्पूर्ण मानिसहरूलाई बुद्धत्व र कोसेनरूफु प्राप्त गर्न मद्दत गर्नु हो ।

सोका गाक्काईका प्रथम अध्यक्ष चुनेसाबुरो माकिगुचि भन्नुहुन्छः "हामीले भक्त र साधकहरू वीचको भिन्नता स्पष्ट रूपले छुट्याउनु पर्दछ । जबकि अद्भूत धर्ममा विश्वास राख्नेहरूको प्रार्थनाको उत्तर आउँछ र लाभ प्राप्त गर्छ भन्ने कुरामा कुनै सन्देह छैन तर यति कुराले मात्र बोधिसत्व साधनाको कर्तब्य पूरा हुँदैन । त्यस्तो कुनै स्वार्थी बुद्ध छैन जसले लाभहरू मात्र संकलन गरेर अरूको हितको लागि काम नगर्ने होस् । यदि हामीले बोधिसत्व साधना गरेनौं भने बुद्ध बन्न सक्दैनौं । अर्कोशब्दमा, आस्थावान् व्यक्ति भन्नाले त्यस्तो साधक हो जसले अरूलाई अभिभावकको भावनाले सेवा गर्दछ ।"

जसले अद्भूत धर्ममा विश्वास राख्छ उनीहरूको प्रार्थना उत्तरीत हुनेछ भन्ने कुरामा कुनै शंका छैन । तर उनीहरू जसले अरूको सुखको लागि "भक्त" भन्दा "साधक" भएर कार्य गर्दछ उनीहरूले विना शंका बुद्धत्व प्राप्तिको सही लाभको अनुभव गर्नेछन् ।

अध्यक्ष इकेदा लेख्नुहुन्छः "यसकारण, जब हामी आफ्नो र अरूको लागि साधना गर्दै नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्छौं, ऐनाको रूपमा हाम्रो जीवनमा विद्यमान गोहोन्जोन माथिको गहिरो विश्वासले हामी भित्रको म्यो हो रेङ्गे क्यो हामी बाहिरको म्यो हो रेङ्गे क्यो संग एक भएर बुद्धत्व प्रकट हुनेछ ।"

प्रार्थना भनेको साँचो हो । यसले हाम्रो सपनाहरू पूरा हुन्छ भन्ने निश्चित गर्दछ । यसले हामी वरिपरि रहेकाहरूलाई अंगाल्न र साथ दिन मद्दत पुऱ्याउँछ । प्रार्थनाले हामीलाई बलियो बनाउन मद्दत गर्दछ । अध्यक्ष इकेदा भन्नुहुन्छ, "तपाईको प्रार्थनाले तपाईलाई सुखको दिशातिर लम्कन मद्दत गर्दछ ।"

साभारः CL/10/2010

प्रार्थना भनेको साँचो हो । यसले हाम्रो सपनाहरू पूरा हुन्छ भन्ने निश्चित गर्दछ । यसले हामी वरिपरि रहेकाहरूलाई अंगाल्न र साथ दिन मद्दत पुऱ्याउँछ । प्रार्थनाले हामीलाई बलियो बनाउन मद्दत गर्दछ । अध्यक्ष इकेदा भन्नुहुन्छ, "तपाईको प्रार्थनाले तपाईलाई सुखको दिशातिर लम्कन मद्दत गर्दछ ।"

विजय तर्फ

दि न्यू ह्युमेन रिभोलुसनबाट उद्धृत गरिएका मार्गदर्शनहरू

परिचय

एस.जि.आई. का अध्यक्ष डा. दाइसाकु इकेदाले लेख्नु भएको दि न्यू ह्युमेन रिभोलुसन को श्रृंखला एउटा अमूल्य खजाना जस्तै हो जसमा विवेकका विभिन्न रत्नहरू लुकेका छन् । ती केही रत्नहरूलाई खोलेर यहाँ प्रस्तुत गर्ने र गहिरो अध्ययन गर्ने यात्रालाई अघि बढाउने यो हाम्रो भद्र प्रयास हो । "विजय तर्फ" भन्ने नयाँ श्रृखलाले अक्सर आस्थामा सोधिने केही प्रश्नहरू र दि न्यू ह्युमेन रिभोलुसन मा वर्णन गरिएको उत्तरहरूलाई जोड दिइएको छ । अतः यसले विर्सिएको कुरालाई संझिन हौसला दिनुका साथै यस श्रृखलालाई पाठक स्वयंले अध्ययन गर्न पनि हौसला दिनेछ । भारत सोका गाक्काईको प्रकाशन समूह इटरनल गंगेजका सम्पादक समूहले छलफलका प्रश्नहरूलाई आवश्यकतानुसार त्यसको छोटो पृष्ठभूमि पनि प्रस्तुत गरिएको छ ।

यस उपन्यासमा मुख्य पात्रको रूपमा शिनइचि यामामोटो देखापर्नु भएको छ । जीवनमा सामना गर्ने विभिन्न अवरोधहरूलाई पार लगाउन डा. इकेदाले आफ्नो विवेक र विचारहरू बाँड्नु भएको छ जसले हौसला र प्रेरणा प्रदान गर्दछ ।

यो खण्डमा दि न्यू ह्युमेन रिभोलुसन भाग १ को श्रृंखला समाविष्ट गरिएको छ । यस भागमा डा. इकेदाले सन् १९६० मा उहाँले शान्तिको लागि चाल्नु भएको प्रथम ऐतिहासिक यात्राको बारेमा लेख्नु भएको छ जसले उहाँलाई तीन देशहरू संयुक्त राष्ट्र, क्यानाडा र ब्राजिलका ९ शहरहरूमा भ्रमणमा पुऱ्यायो । यस समयको दौरानमा उहाँ विभिन्न छलफल सभाहरूमा सहभागी हुनुभयो, जहाँ उहाँले आस्था सम्बन्धि विभिन्न प्रश्नहरूका साथै जापानबाट ती राष्ट्रहरूमा पुगेकाहरू त कोही भर्खरै साधना गर्न थालेका सदस्यहरूले भोगिरहेका समस्याहरूको बारेमा सुन्नुभयो ।

कर्म रुपान्तरण

विदेशीसंगको विवाह पश्चात नयाँ देशमा पुगेका युवा महिलाले भोगेका पारिवारीक मतभेद र नयाँ वातावरणमा घुलमिल हुन गाह्रो परिस्थिति थियो । उनी घर (जापान) फर्कन चाहन्थिइन् तर उनीले उनको अभिभावकको इच्छा विरूद्ध विवाह गरेकी भएकीले उनीलाई घरमा भित्र्याउँछन् कि भित्र्याउँदैनन् भन्ने निश्चित थिएन । जब उनीले छलफल सभामा शिनइचि यामामोटोलाई भेट्नु भयो उनीले के गर्दा सही होला भन्ने कुरामा मार्गदर्शन लिन चाहिन् । शिनइचिले सुखी जीवनको लागि र कसैको वर्तमान परिस्थितिमा कर्म रूपान्तरण गर्ने महत्वको बारेमा वर्णन गर्नुहुँदै उनीको प्रश्नको जवाफ दिनुभयो ।

शिनइचि यामामोटोले ध्यान दिएर उनको कुरा सुनिसकेपछि जवाफ दिनुभयोः "तपाईलाई साँच्चिकै गाह्रो भएको हुनु पर्छ । तपाईले साँच्चिकै दुःख पाएको हुनु पर्छ । तर तपाईंसंग गोहोन्जोन छ, हैन र ? आस्था भनेको जीउने शक्ति हो ।

तपाईले आफ्नो श्रीमानलाई छोडेर घर (जापान) फर्किनु हुन्छ कि हुन्न भन्ने कुरा तपाई स्वयंले नै निर्णय गर्नु पर्छ किनभने सुखले तपाईलाई त्यहाँ कुरिरहनेछ भन्ने निश्चित छैन । जबसम्म तपाईले आफ्नो कर्म परिवर्तन गर्नुहुन्न, तपाई जहाँ जानुभएतापनि तपाईको समस्याहरूले पछ्याउने छ ।



निचिरेन दाइशोनिनको बुद्धधर्मले अहिलेको हाम्रो स्थानलाई अनन्त ज्योतिको स्थलमा रूपान्तरण गर्न समर्थ तुल्याउनुका साथै सुखको महल निर्माण गर्न सक्षम बनाउँदछ । त्यसको लागि तपाईले आफ्नो कर्म परिवर्तन गर्नु पर्छ जुन तपाईले पारिवारीक मतभेदबाट भोगिरहनु भएको छ । तसर्थ, तपाईको जीवनावस्थालाई नाटकीय रूपमा रूपान्तरण गर्ने त्यो भन्दा अर्को त्यस्तो कुनै उपाय छैन । तपाईले आफ्नो जीवनावस्थालाई परिवर्तन गर्नुहुन्छ भने तपाईको वातावरण स्वतः परिवर्तन हुन थाल्नेछ । यो जीवन र वातावरणको एकत्व (ऐशो फुनी) को सिद्धान्त हो । सुखको महान महल तपाईको आफ्नै हृदयमा अवस्थित छ ।

उक्त महलको ढोका खोल्ने साँचो भनेको आस्था हो ।

शिनइचिले उनको पीडा, दुःख र एक्लोपनालाई र म्ररी बुझ्नु भएको थियो । त्यसकारण, उनीहरूले अडिगका साथ विजयले भरिपूर्ण जीवन जीउने शक्ति प्राप्त होस् भन्ने उहाँ (शिनइचि) को चाहना थियो ।

दृढताका साथ उहाँले भन्नुभयोः "यदि तपाईले गम्भिरतापूर्वक आस्थाको साधना गर्नुहुन्छ भने तपाई दुःखी हुनु हुनेछैन । सर्वप्रथम, यस कुरा प्रति तपाई कृपया विश्वस्त हुनुस् । अनि, जस्तोसुकै समस्या भोग्नु

भएतापनि उज्यालो मुस्कानका साथ हाँसेर समाधान गर्नुस् ।

"कुनै पनि अवस्थामा, तपाईको श्रीमान र उनको परिवारलाई घृणा र पश्चाताप गर्नु भन्दा हरेक ब्यक्तिको सुखको लागि उदार हृदयका साथ प्रार्थना गर्न सक्ने ब्यक्ति बन्ने कोशिस गर्नुस् ।"

"जब तपाईको श्रीमानको परिवारले तपाईलाई सूर्य जस्तै चम्किलो भई चम्केर उत्कृष्ट घर सिर्जना गरिरहेको भनेर मनपराउन र प्रशंसा गर्न थाल्छन् - तपाई अरू महिलाहरूको लागि उदाहरर्णीय र आशाको प्रतिकको रूपमा कार्य गर्न सक्नु हुनेछ । तपाईको उदाहरणले उनीहरूलाई साहस प्रदान गर्नेछ ।

"त्यसकारण, तपाई आफ्नो दुःखहरूबाट पराजित हुनु हुँदैन । बरू दृढ र विजयले भरिपूर्ण जीवन जीउनुस् । कृपया सदैव सुख, सन्तुष्ट, साहसी र गर्वको महान मार्गमा हिड्नुस् ।"

***

बुद्धधर्म भनेको कारण हो

वासिङ्गटन डि.सि. मा भएको छलफल सभामा एकजना महिलाले शिनइचिलाई भन्नु भयो कि यद्यपि, उनीको श्रीमानले उनको बौद्ध साधना प्रति एकदम साथ दिनुहुन्छ तर उहाँ आफैं भने साधना नगर्ने बताउनु हुन्छ । उनको श्रीमानले आस्था नअंगालेतापनि के म सुखी हुन सक्छु भनेर उनले सोधिन् ।

यो सुनेर शिनइचिले मुस्कानका साथ जवाफ दिनुभयो, "तिमीसंग कोसेनरूफुको लागि इमान्दारीतापूर्वक प्रयास गरिरहेको श्रीमान हुनुहुन्छ । त्यो औधी राम्रो कुरा हो ! उहाँ सदस्य हुनु हुन्छ कि हुन्न भन्ने कुरामा चिन्ता लिनु आवश्यक छैन । त्यस्तो औपचारिकता महत्वपूर्ण छैन ।

"तपाईहरू मध्ये कसैको श्रीमान वा परिवारका अन्य सदस्यहरूले तपाईको साधनामा प्रतिरोध गरेको हुन सक्छ । तसर्थ, भावुक भएर आस्थाको विषयलाई लिएर उनीहरूसंग वहस र झगडा गर्नु मूर्ख्याइ हो । तपाईको श्रीमानको काम असफल भएमा वा काममा कुनै गम्भीर गल्ती भएमा उनीहरूलाई "तपाईले यो आस्थाको साधना नगरेकोले त्यस्तो भएको हो," भनेर नभन्नु हुन विशेष गरि भन्न चाहन्छु ।

तपाईको परिवारमा तपाई एक्लै साधना गरिरहेको हुन सक्छ तर यदि तपाईले मेहेनतका साथ प्रयत्न गर्नुभयो भने तपाईको लाभ र सौभाग्य तपाईको सम्पूर्ण परिवारमा बाँडिनेछ । तपाईको उपस्थिती ठूलो छाता मुनि उनीहरूलाई झरीबाट आश्रय दिएको जस्तै हुनेछ । त्यसकारण, तपाई एक्लैले मात्र साधना गरेको कारण तपाई र तपाईको परिवार सुखी बन्न सक्दैन भनेर सोच्नु गलत हो ।

"तपाईको परिवारका सदस्यहरू सुखी बन्न सकोस् भन्ने हेतुले दाइशोनिनको बुद्धधर्मको आस्था अंगालोस् भनेर प्रार्थना अर्पण गर्नु साँच्चिकै महत्वपूर्ण छ तर त्यो भन्दा आधारभूत कुरा भनेको तपाईहरू सबैले आ-आफ्नो जीवनमा यस आस्थाको महानतालाई प्रदर्शन गर्नु हो । श्रीमती र आमाहरूको रूपमा यस आस्थामा निरन्तर प्रयत्न गर्दै मानवको रूपमा हुर्कंदै खुशी वा प्रशन्नता, विवेक, न्यानोपना र विचारको

घमाईलो उपस्थितीले गर्दा तपाईको परिवारले स्वतः यस बुद्धधर्मलाई समर्थन गर्नेछ । तसर्थ, तपाईको परिवारले यस आस्था प्रति माया र गहिरो आदर देखाउनु नै यस साधना माथि उनीहरूको विजयको प्रथम पाइला हो ।"

शिनइचिले बुद्धधर्म भनेको असल भावना र कारणको उचाई हो भन्ने वास्तविकतालाई स्वीकार्न लगाउन कोशिस गर्नुभयो ।

***

बलियो आस्था

त्यहि सभामा, अर्को महिलाले शिनइचिलाई उनकी छोरीको बारेमा सोधिन्, जो ५ वर्षकी भएर पनि बोल्न जानेकी थिइनन् । उनले सोधिन् कि उनले सक्दो प्रार्थना गरिरहेतापनि किन प्रार्थना अनुत्तरित भयो ? शिनइचि यामामोटोले प्रार्थना उत्तरित हुन बलियो आस्थाको महत्वबारे वर्णन गर्नुहुँदै उनलाई भन्नुभयो ।

कुनै चिन्ता लिनु पर्दैन । यदि तपाईले आस्थामा इमान्दारीतापूर्वक निरन्तर प्रयत्न गर्नुहुन्छ भने तपाईकी छोरीले अवश्य बोल्न सिक्ने छिन् । यो तपाईको आस्थाको शक्तिमा भर पर्नेछ ।

"उदाहरणको लागि, जापानमा प्रचलित मन्दिरको ठूलो तामाको घण्टीलाई लिऔं । त्यस घण्टीले निकाल्ने आवाजको ध्वनी तपाईले केले हिर्काउनु भयो भन्नेमा भर पर्नेछ । यदि तपाईले माटो लट्ठीले

शक्तिशाली शक्तिका साथ हिर्काउनु हुन्छ भने त्यो ठूलो आवाजले गुञ्जिन्छ । तर यदि तपाईले सलाईको काँटी वा काठको हलुका सानो लट्ठीले हिर्काउनु हुन्छ भने त्यसले मधुरो र अप्रभावकारी आवाज निकाल्नेछ ।

त्यस्तैगरि, हामीसंग गोहोन्जोन छ जुन बुद्ध र धर्मको असिम शक्ति विद्यमान छ । यदि हाम्रो आस्था र साधना कमजोर छ भने त्यो ठूलो घण्टीलाई सलाईको काँटीले हिर्काएको जस्तो हुनेछ र त्यसले कुनै महान लाभ हासिल गर्न असम्भव हुनेछ ।

"यदि तपाई सहृदय बौद्ध साधनामा लाग्नु हुन्छ भने तपाईले आफ्नो नकारात्मक कर्मलाई अवश्य रूपान्तरण गर्न सक्नुका साथै तपाईको छोरीको अवस्थामा प्रगति भएको देख्नु हुनेछ । त्यसैले कृपया, हिम्मत नहार्नुस्, अन्त्यसम्म तपाईले सक्दो प्रयास गर्नुस् ।

हाम्रो "प्रार्थनाहरू" किन उत्तरीत हुन्छन् ?

हाम्रो आस्थाको दैनिक साधनामा "दाइमोकु" पाठ गरेर प्रार्थनाहरू अर्पण गर्ने कार्य स्वभाविक हो । निचिरेन दाइशोनिन भन्नुहुन्छ, "कोही धर्तीमा निशाना लगाएर पनि चुक्न सक्ला, कसैले आकाशलाई खुम्चाउन सक्ला, समुन्द्रको छाल थामिएला वा सूर्य पश्चिमबाट उदाउन सक्ला, तर सद्धर्मपुण्डरीक सुत्रका साधकहरूको प्रार्थना कहिल्यै निरूत्तर हुन सक्दैन ।" *(WND-1, p. 345)* यहाँ दाइशोनिनले "प्रार्थनाहरू" अवश्य उत्तरीत हुनेछन् भन्ने कुरालाई जोड दिनुभएको छ । अक्सर, सदस्यहरूले उठाउने सामान्य प्रश्न भनेकोः "प्रार्थनाको उत्तर किन हुन्छ ?" तल दिएका छलफलहरू यसैसंग सम्बन्धित छन् ।

"प्रार्थनाहरु अर्पण गर्नु" भनेको मनुष्यको नैसर्गिक चरित्र हो

हाम्रो दैनिक जीवनको दौरानमा, पेशा, परिवार वा स्वास्थ्य सम्बन्धि भोग्ने विभिन्न समस्याहरूको वावजुद सबैले आ-आफ्नो आशा र इच्छाहरूलाई महत्व दिन्छन् । हामीले आफूले भोगिरहेका समस्याहरू समाधान गर्ने र आफ्नो चाहना र सपनाहरूलाई साकार पार्ने आशा गर्छौं । ती चाहना र आकांक्षाहरूलाई महत्व दिनु नैसर्गिक मानव स्वभाव हो । यो मानव हुनुको एउटा पाटो मात्र हो ।

आफ्नो चाहना पूरा गर्ने त्यही नैसर्गिक स्वभाव नै प्रार्थनाको रूपमा प्रकट हुन्छ । त्यसकारण, जीवनका विभिन्न समस्याहरूलाई समाधान गर्न गरिने प्रार्थनाहरू मानव जातिको स्वभाविक कार्य हो ।

निचिरेन दाइशोनिन लेख्नुहुन्छ, "तपाई भोकाएको बेला खानाको लागि लालायित भए जस्तै, तिर्खाएको बेला पानी खोजे जस्तै, प्रेमीकालाई भेट्ने चाहना भए जस्तै, विरामी पर्दा औषधी मागे जस्तै वा एउटी सुन्दरी महिलाले पाउडर र लालीको लागि इच्छा गरे जस्तै तपाईको आस्था सद्धर्मपुण्डरीक सुत्रमा हुनुपर्दछ ।" *(WND-1, p. 965)*

दाइशोनिन भन्नुहुन्छ कि, हाम्रो प्रार्थनाहरूको जवाफ आओस् भन्ने इमान्दार चाहनामा आधारित भएर आस्थाको साधना गर्नु आवश्यक हुन्छ र भोकाएको बेला खानाको लागि लालायित भए जस्तै र तिर्खाएको बेला पानी खोजे जस्तै इमान्दारीताका साथ आफूलाई साधनामा लगाउनु पर्दछ । अर्को शब्दमा, हामीले इमान्दारीतापूर्वक गोहोन्जोनसंग आफ्ना भावनाहरू व्यक्त गर्नु पर्दछ ।

गोशोको हरफमा उल्लेख भए जस्तै, बुद्धधर्म दैनिक जीवनबाट छुट्टै कुनै अमूर्त सिद्धान्त होइन । यो बुद्धधर्म र आस्थाको शक्ति हो जसले जीवनलाई चाहेको दिशातर्फ लैजान र सकारात्मक रूपान्तरण गर्न समर्थ तुल्याउँछ ।

"हृदयको शक्ति" मा बढ्दो ध्यान केन्द्रित गर्दै

साधारणतया, आजको संसारमा "हृदयको शक्ति" मा बढ्दो ध्यान केन्द्रित गर्न थालिएको छ । उदाहरणको लागि, खेलको संसारमा "कल्पना प्रशिक्षण" भन्ने नयाँ प्रविधि आएको छ । यसमा आफूले आफूलाई कस्तो खेलाडी बन्ने आकांक्षा

राखेको हो त्यसैलाई कल्पना गर्दै प्रशिक्षण दिने हो । भानिन्छ, त्यस्तो प्रशिक्षण नयाँ सिपमा दक्षता हासिल गर्न विशेष प्रभावकारी हुन्छ ।

अर्को उदाहरण लिऔं, मनोरञ्जनको दुनियामा धेरै जसो नायिकाहरू वा प्रख्यात व्यक्तिहरू आफ्नो वास्तविक उमेर भन्दा जवान देखिन्छन् । भनिन्छ कि, यसो हुनुको प्रमुख कारण, प्रख्यात व्यक्तिको रूपमा निरन्तर बहुचर्चित हुन "म जवान देखिनु पर्छ" भन्ने उनीहरूको बलियो पेशागत इच्छा हो । यो उनीहरूको हृदयले काम गरेको कारण भएको हो, जसले निरन्तर रूपमा उनीहरू जवान देख्न चाहने इच्छालाई पूरा गर्न कार्य गर्दछ जसले गर्दा नायिकाहरूले जवान भावना र रूप व्यक्त गर्न सक्छन् ।

धेरै उदाहरणहरू त्यस्ता छन् जहाँ मानिसहरूले "म यस्तो व्यक्ति बन्न चाहन्छु" भन्ने निर्दिष्ट लक्ष्य राख्छन् र बलियो आकांक्षाका साथ पूरा गर्न धेरै प्रयत्न गर्दछन् र वास्तवमै उनीहरूले चाहेको जस्तो व्यक्ति पनि बन्छन् ।

निचिरेन दाइशोनिन भन्नुहुन्छ, "सबैभन्दा महत्वपूर्ण कुरा भनेको मन हो" *(WND-1, p. 1000)*, मन नै एउटा त्यस्तो अस्तित्व हो जसले मानिसको जीवन पद्धतिलाई निर्धारण गर्छ ।

चीनका महान गुरू मियाओ-लो भन्नुहुन्थ्यो, "एक पलमा शरीर र चित्त सम्पूर्ण जगतको प्रक्रियामा व्याप्त हुन्छ ।" *(WND-1, p. 366)* उहाँ यो पनि भन्नुहुन्छ कि चित्त ब्रम्हाण्डको सबै कुनामा पुग्न सक्छ ।

बुद्धधर्मले सबै जीवन एक अर्कासंग सम्बन्धित छन् र केही पनि छुट्टै वा एक्लै छैन भन्ने कुरा सिकाउँछ । यो बुद्धधर्ममा "प्रतित्यसमुत्पाद" को अवधारणा हो । जस अनुसार सम्पूर्ण जीवनका अस्तित्वहरू निरन्तर रूपमा बाह्य परिस्थितिका रूपमा अरू सजीव प्राणीहरूको प्रतिक्रिया अनुसार एक अर्कामा परस्पर प्रभाव सिर्जना गर्दै गतिशील परिवर्तन भैरहन्छ ।

हरेक जीवित प्राणी र उसको वातावरण बीच आत्मीय परस्पर अर्न्तर सम्बन्ध हुने भएकोले जब एक क्षणमा एकजना व्यक्तिको चित्तको दिशा परिवर्तन हुन्छ उक्त परिवर्तनले सिर्जना गर्ने शक्तिले उसको जीवन शैलीलाई मात्र परिवर्तन गर्ने नभई उसको वरिपरिका सम्पूर्ण परिस्थितिलाई समेत परिवर्तन गर्नेछ । हालैको वर्षहरूमा, बौद्धिक संसारले "चित्त वा हृदय को शक्ति" प्रति ध्यानाकर्षण गर्न थालेको छ ।

अद्भूत धर्म एउटा शक्तिको स्रोत हो जसले ब्रम्हाण्डका सबै कुरालाई प्रचालित गर्छ

चित्तको शक्तिले आफूलाई वा आफ्नो वातावरणलाई परिवर्तन गर्न सक्छ तैपनि यो केही हदसम्म मात्र हुन्छ । निर्दिष्ट प्रार्थनालाई वास्तविकतामा रूपान्तरण गर्नको लागि उसले आफ्नो प्रार्थनालाई अन्तिम सत्य (ultimate truth) मा आधारित गर्नुपर्दछ जुन सम्पूर्ण जीवित प्राणी र ब्रम्हाण्डमा व्याप्त छ । यदि हाम्रो प्रार्थना अन्तिम सत्यमा आधारित छैन भने प्रार्थना निरूत्तर हुनेछ र त्यो नै दुःखको कारण बन्नेछ ।

उदाहरणको लागि, निचिरेन दाइशोनिनको समयमा गोकुराकु-जी मन्दिरका ञ्योकानले

निचिरेन दाइशोनिन भन्नुहुन्छ, "सबैभन्दा महत्वपूर्ण कुरा भनेको मन हो" *(WND-1, p. 1000)*, मन नै एउटा त्यस्तो अस्तित्व हो जसले मानिसको जीवन पद्धतिलाई निर्धारण गर्छ ।

शोगुनेतका अधिकारीहरूसंग मिलेर पानी पार्ने दाइशोनिनको चुनौतीलाई स्वीकारेका थिए । ऱ्योकानले हजारौं सहायक पुजारीहरूलाई भेला गरेर दुई हप्तासम्म पानी पार्न प्रार्थना गरे । तैपनी एकथोपा पानी परेन । उल्टो, कामाकुरामा ठूलो आँधीहुरी आएर दुःखद परिणाम ल्यायो ।

अर्को "जोक्यु दङ्ग" को दौरान न्यायालय (Imperial Court) ले कामाकुरा शोगुनेट सरकारलाई हराउन तेन्दाइ र True World Schools लाई अत्यधिक कर्मकाण्ड गरेर प्रार्थना गर्न लगाए । तैपनि, शोगुनेतको पराजित भएन बरू न्यायालयको दुःखद अन्त्य हुन पुग्यो । कामाकुरा शोगुनेतले युद्ध जीते भने विद्रोहका नेतृत्वकर्ता जो अवकाशप्राप्त सम्राट गोटोवा र उनको छोराहरूलाई ओकी (Oki) टापुमा निर्वासनमा पठाइयो जहाँबाट उनीहरू कहिल्यै फर्केनन् । गुह्य उपदेशका आधारमा अर्पण गरिएको प्रार्थना उनीहरूको पराजयको कारण बन्यो ।

केवल अद्भूत धर्ममा आधारित भएर गरिएको प्रार्थनाले चित्तको शक्तिलाई असीमित रूपमा बलियो बनाउन सक्छ र प्रार्थनाहरू पूरा हुन्छन् ।

निचिरेन दाइशोनिन भन्नुहुन्छः संसारको दश दिशाहरू मध्ये नाम् म्योहो रेङ्गे क्यो को दाइमोकु प्रार्थना गरेको हाम्रो आवाज नपुग्ने त्यस्तो कुनै ठाउँ हुँदैन । हाम्रो आवाज मधुरो हुनसक्छ तर जब हामीले दाइमोकुको शक्तिशाली आवाजसंग सुर मिलाउँछौं, त्यो आवाज नगुञ्जीने संसारको त्यस्तो कुनै ठाउँ हुँदैन । उदाहरणको लागि, हाम्रो आवाज मधुरो भएतापनि जब हामीले शंख फुक्छौं आवाज टाढाटाढासम्म घन्किन्छ । ताली बजाउँदा त्यसको आवाज सानो हुन सक्छ तर जब ती हातहरूले ड्रम बजाउँछौं त्यसको आवाज टाढासम्म घन्किन्छ । यो एक पलको जीवनमा तीन हजार संसारहरू निहित छन् भन्ने महत्वपूर्ण सिद्धान्त हो ।" *(गोशो जेन्शु, पा. ८०८)*

माथिका ती उदाहरणहरूबाट दाइशोनिन भन्नु हुन्छ जब कसैले "दाइमोकु" प्रार्थना गर्दछ, उक्त व्यक्तिको एकचित्त संकल्प सम्पूर्ण संसारमा फैलिन्छ ।

वर्तमान सन्दर्भमा, हामीले श्रव्य यन्त्रको उदाहरण लिन सक्छौं । उत्कृष्ट श्रव्य सुविधाको मद्दतले सयौं, हजारौं मानिसहरू बराबरको समूहको अगाडि बोल्न सक्छौं । त्यस्तैगरि, एकचित्त विश्वासको शक्तिले गरेको नाम् म्योहो रेङ्गे क्यो को दाइमोकु प्रार्थना अनन्तसम्म फैलिन्छ र त्यहि नै परिवर्तनको शक्तिको स्रोत भएर उसको सम्पूर्ण वातावरणलाई रूपान्तरण गर्दछ ।

यस्तो किन हुन्छ ? किनभने नाम् म्योहो रेङ्गे क्यो ब्रम्हाण्डको आधारभूत महान नियम हो जसले ब्रम्हाण्डको सम्पूर्ण अस्त्विको लागि आधारभूत स्रोतको रूपमा कार्य गर्दछ ।

एस.जि.आई. का अध्यक्ष इकेदाले एकपटक आफ्नो मार्गदर्शनमा भन्नुहुन्छः

"निचिरेन दाइशोनिनको बुद्धधर्ममा ब्रम्हाण्डको आधारभूत नियमलाई आधारभूत आदरको वस्तुको रूपमा लिइन्छ । यो नियम हाम्रो आफ्नो जीवनको सार पनि हो ।

"यसलाई बुझ्न अलिकति गाह्रो हुन सक्छ तर जब हामीले आधारभूत आदरको वस्तु गोहोन्जोनलाई प्रार्थना गर्छौं 'वास्तविकता र विवेकको संलयन' को बौद्ध सिद्धान्तले कार्य गर्दछ । गोहोन्जोनको 'वास्तविकता' र हाम्रो

निचिरेन दाइशोनिन भन्नुहुन्छः संसारको दश दिशाहरू मध्ये नाम् म्योहो रेङ्गे क्यो को दाइमोकु प्रार्थना गरेको हाम्रो आवाज नपुग्ने त्यस्तो कुनै ठाउँ हुँदैन । हाम्रो आवाज मधुरो हुनसक्छ तर जब हामीले दाइमोकुको शक्तिशाली आवाजसंग सुर मिलाउँछौं, त्यो आवाज नगुञ्जीने संसारको त्यस्तो कुनै ठाउँ हुँदैन ।

मस्तिष्कको "विवेक" गहिराईसम्म संलयन हुन्छ । अर्को शब्दमा, प्रार्थनामा ब्रम्हाण्ड र हाम्रो चित्तको अन्तिम नियमको संमिश्रण हुन्छ ।

"तपाईले दाँती भएको मेसिनको गियरलाई कल्पना गर्न सक्नु हुन्छ । जब सानो गियर यसको दाँती ठूलो गियरको दाँतीसंग मिल्छ तब त्यस मेसिनले अत्यधिक शक्ति पैदा गर्न सक्छ तर त्यही दाँती छुट्टाछुट्टै हुँदा त्यसमा कुनै पनि शक्ति हुँदैन । त्यस्तैगरि, जब हाम्रो जीवनको सुक्ष्म रूप ब्रम्हाण्डको जीवनसंग मेल खान्छ, हामीले कुनै पनि समस्याको समाधान गर्न असीमित शक्तिलाई कैद गर्न सक्छौं । दशै दिशाका सम्पूर्ण बौद्ध देवताहरू, बुद्ध र बोधिसत्वहरू - ब्रम्हाण्डका संरक्षकहरू हाम्रो प्रार्थना पूरा गर्न क्रियाशील हुनेछन् ।

"प्रार्थनाले ती गियरहरूलाई मिलाउन मद्दत गर्दछ । नाम् म्योहो रेङ्गे क्यो ब्रम्हाण्डको महान लयात्मक आवाज र सम्पूर्ण ब्रम्हाण्डीय क्रियाकलापको शक्तिशाली स्रोत हो । प्रार्थना ब्रम्हाण्डको मुटु र सार पनि हो ।

"अद्भूत धर्म नै सबै परिवर्तनको स्रोत हो । त्यसकारण जब हामीले अद्भूत धर्म नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्छौं तब हामीलाई साथ दिन ब्रम्हाण्डीय शक्तिहरूलाई क्रियाशील बनाउन सक्छौं । नाम् म्योहो रेङ्गे क्यो को तालललाई ब्रम्हाण्डको लयबद्ध चाल भनिन्छ ।"

"आस्था र साधना" को शक्ति नै साँचो हो

अद्भूत धर्म ब्रम्हाण्डको आधारभूत धर्म भएकोले अद्भूत धर्ममा आधारित भएर अर्पण गरेको प्रार्थनाले सबैकुरालाई परिवर्तन गर्ने शक्तिलाई क्रियाशील बनाउने कार्य गर्दछ ।

निचिरेन दाइशोनिन भन्नुहुन्छः

"जब तपाईले आफ्नो टाउको हल्लाउनु हुन्छ, तपाईको केश पनि हल्लिन्छ, जब तपाईको मस्तिष्कले कार्य गर्न थाल्छ तपाईको शरीर चल्मलाउँछ । जब कडा हावा चल्छ, घाँस तथा रूखहरू स्थिर रहन सक्दैनन्, जब धर्ती हल्लिन्छ, समुन्द्रहरू थरथराउँछ । तसर्थ, यदि कसैले शाक्यमुनि बुद्ध, उपदेशका राजालाई प्रभाव पार्न सक्छ भने के घाँस र रूखहरू नहल्लिई बस्न सक्छ, के पानी नचल्मलाई रहन सक्छ ?" *(WND-2, p. 811)*

"शाक्यमुनि बुद्ध, उपदेशका राजा" भन्नाले मौलिक बुद्ध हुन् जो ब्रम्हाण्डसंग एक छन् । त्यसकारण, हाम्रो सन्दर्भमा त्यो भनेको गोहोन्जोन हो ।

दाइशोनिन भन्नुहुन्छ, यदि कसैले मौलिक बुद्धलाई प्रभाव पार्न सक्छ भने अरूलाई प्रभाव पार्न नसक्ने त्यस्तो कुनै कुरा हुँदैन । अर्को शब्दमा, दाइशोनिन भन्नुहुन्छ कि, जबसम्म कसैले त्यस्तो प्रार्थना जसले गोहोन्जोनको शक्तिलाई क्रियाशील बनाउँछ भने उसले राम्रोको लागि सबैकुरालाई रूपान्तरण गर्न सक्छ ।

त्यसको मुख्य साँचो भनेको बलियो "आस्था" र दाइमोकु प्रार्थनाको इमान्दार "साधना" हो ।

निचिकान शोनिनका शब्दहरूलाई उद्धृत गर्दै अध्यक्ष इकेदाले सोका गाक्काईका दोश्रो अध्यक्ष जोसेइ तोदाको मार्गदर्शन यसप्रकार दिनुहुन्छः

बुद्धधर्मको महान पुनःस्थापकको रूपमा चिनिने "निचिकान शोनिन (१६६५-१७२६) लेख्नुहुन्छ, 'जब हामीले गोहोन्जोनमा आस्था

अर्को शब्दमा, दाइशोनिन भन्नुहुन्छ कि, जबसम्म कसैले त्यस्तो प्रार्थना जसले गोहोन्जोनको शक्तिलाई क्रियाशील बनाउँछ भने उसले राम्रोको लागि सबैकुरालाई रुपान्तरण गर्न सक्छ ।

त्यसको मुख्य साँचो भनेको बलियो "आस्था" र दाइमोकु प्रार्थनाको इमान्दार "साधना" हो ।

राखी नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्छौ हाम्रो जीवन तुरून्तै तीन हजार संसार एक पलमा निहित' मा समर्पणको वस्तु बन्न थाल्दछ । त्यो निचिरेन दाइशोनिनको जीवन बन्न थाल्छ.....बुद्धको शक्ति र धर्मको शक्तिलाई श्रद्धा गर्दै आफ्नो आस्था र साधनाको शक्तिलाई विकास गर्न प्रयत्न गर्नु पर्दछ । दाइशोनिनले भने जस्तै हामीले यस जीवनलाई अनन्तकालसम्म ब्यर्थ र पश्चातापमा खर्चिनु हुँदैन ।

"आस्था र साधनाको शक्तिको सन्दर्भमा अध्यक्ष तोदाले यसप्रकार मार्गदर्शन दिनुभएको छः "जब आस्था र साधनाको शक्ति प्रकट भएर बुद्ध र गोहोन्जोनको नियमको शक्तिसंग मेल खान जान्छ अनि लाभहरू प्राप्त हुन्छन् । हाम्रो आस्था र साधनाको शक्ति उत्साहका साथ मेल हुनुपर्दछ ।

"आस्थाको शक्ति जतिसुकै महान भएतापनि जबसम्म यस शक्तिलाई साधनामा लगाउँदैनौं, बुद्धको शक्ति र धर्मको शक्ति कहिल्यै पनि प्रकट हुनेछैन । यसकारण, साधनाको महान शक्तिका साथ आस्थाको साधना गर्नु अत्यावश्यक छ । आस्थाको वैभवशाली शक्तिका साथ प्रचार-प्रसारको साधना गर्दै र साधनाको महान शक्तिका साथ दाईमोकु प्रार्थना गर्दै अगाडि बढेमा बुद्धको शक्ति र धर्मको शक्ति कहिल्यै निष्क्रिय हुने छैन ।"

गोहोन्जोनको शक्ति र बुद्धको शक्ति जतिसुकै अपार भएतापनि यदि हाम्रो आस्थाको शक्ति र साधनाको शक्ति कमजोर छ भने त्यो वास्तवमै क्रियाशील हुन सक्दैन ।

हाम्रो प्रार्थनाको उत्तर आउँछ कि आउँदैन भन्ने कुराको निधो हामी आफैंमा भर पर्दछ ।

आस्थाको शक्तिको सन्दर्भमा, यदि हामीले "मेरो प्रार्थनाको उत्तर वास्तवमै आउँछ कि आउँदैन होला ?" भनेर शंका गरेर दाइमोकु प्रार्थना गरेमा कुनै पनि परिणाम आउनेछैन । दाइशोनिन भन्नुहुन्छ, "आफ्नो आस्थालाई गहिरो बनाउनुस् र गोहोन्जोनलाई प्रार्थना गर्नुस् । त्यसपछि प्राप्त गर्न नसकिने त्यस्तो के कुरा छ र ?" *(WND-1, p 412)* यहाँ दाइशोनिनले हामीलाई भन्नुहुन्छ, जब हाम्रो जीवनमा त्यस्ता नकारात्मक कुराहरू आउन थाल्छन्, त्यतिबेला "मेरो प्रार्थनाहरू निरूत्तर हुनेछैन" भनेर आस्थाको शक्तिलाई दृढताका साथ अगाडि ल्याउनु आवश्यक हुन्छ । हाम्रो जीवनमा त्यस्ता अर्न्तर कमजोरीहरूलाई पार लगाउनु पर्दछ ।

हाम्रो प्रार्थनाहरू पूरा गर्न साधनाको शक्तिलाई प्रकट गर्नु आवश्यक हुन्छ । इमान्दारीतापूर्वक दाइमोकु प्रार्थना नगरिकन लाभहरू पाउन खोज्नु अर्थहीन हुनेछ । कुनै समय त्यस्तो पनि हुन्छ जहाँ हाम्रो प्रार्थनाको उत्तर तुरून्तै वा छोटो समयावधिमा नदेखिन सक्छ । तैपनि महत्वपूर्ण कुरा भनेको क्षणिक लाभ वा हारद्वारा नवहकिनु हो । जबसम्म हामीले दृढ विश्वासका साथ प्रार्थनाहरू अर्पण गरिरहन्छौं, हाम्रो प्रार्थना अन्ततः निरूत्तर हुनेछैन ।

'The Object of Devotion for Observing the Mind" भन्ने टिप्पणीमा निचिकान शोनिन भन्नुहुन्छः

"गोहोन्जोनले महान र अपार लाभहरू प्रदान गर्दछ । यसको अद्भूत कार्य विशाल र गहन छ । यसकारण, यदि तपाईंले गोहोन्जोनमा आस्था राखि छोटो समयको लागि मात्र भएपनि नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्नुहुन्छ भने प्रार्थना निरूत्तर हुनेछैन, कुनैपनि अपराध नघट्ने भन्ने हुँदैन, कुनै पनि सौभाग्य प्रदान नगरिने भन्ने हुँदैन र कुनै पनि सही कुरा अप्रमाणित हुँदैन ।"

"आस्थाको शक्ति जतिसुकै महान भएतापनि जबसम्म यस शक्तिलाई साधनामा लगाउँदैनौं, बुद्धको शक्ति र धर्मको शक्ति कहिल्यै पनि प्रकट हुने छैन । यसकारण, साधनाको महान शक्तिका साथ आस्थाको साधना गर्नु आवश्यक छ ।

"प्रार्थना निरूत्तर हुँदैन" भन्ने यी दृढ विश्वासयुक्त शब्दहरूले अनगिन्ती एस.जि.आई. का सदस्यहरूलाई हौसला प्रदान गर्न चुकेनन् र उनीहरूलाई जीवनमा धेरै चुनौतीहरू साहसका साथ सामना गर्न समर्थ तुल्याए । अदम्य आस्था र गहिरो प्रार्थनाका साथ जीवनका सबै कठिनाईहरूलाई पार लगाउँदै विजयको महान वास्तविक प्रमाण हासिल गरौं ।

साभारः CL.10/2010

ब्रम्हा २ शक्रका कार्यहरु

इतिहासलाई बदल्न सक्ने सच्चा संकल्पित युवाहरू हुर्काउँदै

मैले ५ औं महिनाको १४ औं दिनमा पिडालुको भारी प्राप्त गरे जुन तपाईले कष्ट गरी पठाउनु भएको थियो । त्यसलाई उत्पादन गर्न लाग्ने परिश्रमको विचार गर्दा, पिडालुहरू आज रत्नहरू वा औषधी जस्तै बहुमूल्य छन् ।

विम्विसार नाम गरेका राजा एकजना राम्रा शासक तथा सम्पूर्ण जम्बुद्विपमा सम्पूर्ण बुद्धको महान उपासक थिए । अझ भन्ने हो भने उसले मगधमा शासन गर्नु भएको थियो जुन राज्यमा बुद्धले सद्धर्मपुण्डरीक सूत्रको उपदेश दिने मनशाय राख्नु भएको थियो । राजा र बुद्धको सोच समान भएकोले मगधमा सद्धर्मपुण्डरीक सूत्रलाई देशना गर्ने सम्भावना निश्चित थियो । तर देवदत्तले कुनै पनि तवरले यसलाई रोक्ने चेष्टा गरेको थियो.....

छैठौं स्वर्गका दानवराजा मगधमा आफ्ना असंख्य समर्थकहरू लिएर उत्रिए र देवदत्त, अजातशत्रु तथा उनका ६ मन्त्रीहरूको रूप धारण गरे । त्यसैले तिनीहरू स्वरूपले मानव देखिएतापनि तिनीहरूमा छैठौं स्वर्गका दानव राजाको शक्ति संचारित थियो । तीब्र हावाले लडाएका घाँस र रूखहरू भन्दा समुन्द्रमा छाल उत्पन्न गराउने आँधी भन्दा, धर्तीलाई हल्लाउने ठूलो भूईचालो भन्दा वा एक घर पछि अर्को घर आगोको चपेटामा परेको भन्दा पनि तिनीहरू धेरै रूखो, डरलाग्डो तथा तिनीहरूबाट सावधान हुनुपर्ने किसिमका थिए ।

जब बाघ गर्जन्छ, तेज हावा चल्छ, जब ड्रागन गाउँछ बादलहरू जम्मा हुन्छ । तर एक खरायोको अथवा गधाको आवाजले न हावा न त बादल चल्दछ । जबसम्म मूर्खहरूले सद्धर्मपुण्रीक सूत्र पढ्छन् र सिद्ध पुरूषले पढाउँछन्, देशमा शान्ति स्थिरता कायम रहन्छ । तर यो भनिएको छ कि जब एक सिद्ध पुरूषको आगमन हुन्छ र बुद्धले जस्तै सद्धर्मपुण्डरीक सूत्रको प्रवचन गर्न थाल्छ, देशमा उत्पात ल्याइदिन्छ र बुद्धको समयमा भन्दा पनि ठूला दमनहरू आइदिन्छ ।

अहिले म न त महान व्यक्ति हुं न त साधु नै । म विश्वकै भ्रष्ट व्यक्ति हुं । यस्तो भएतापनि, मेरो कार्यहरू सूत्रले सिकाए अनुसार एकदम सही भएको जस्तो लाग्छ । त्यसैले जब मेरो ठूला-ठूला समस्याहरूसंग भेट हुन्छ, म मेरो मृत अभिभावकहरू फेरि जिवित फर्के भन्दा वा कसैले आफ्नो शत्रु दुर्घटनामा परेको देख्नु भन्दा पनि धेरै हर्षित हुन्छु । म खुशी छु कि म जस्ता मूर्ख व्यक्तिलाई बुद्धले साधु भनेर मान्नु भयो.....

यदि तपाई सद्धर्मपुण्डरीक सूत्रको अनुयायी जस्तो छ भन्ने हल्ला चल्यो भने तपाईको नजिकका र टाढाकाहरू दुबैले अप्रत्याशित रूपले सल्लाह दिने छन् कि तिनीहरू तपाईको सच्चा मित्रहरू जस्तो भएर भन्छन् कि, "यदि तिमी निचिरेनलाई विश्वास गर्छौ भने तिमी अवश्य पनि गलत बाटोमा हिड्नेछौं । तिम्रो मालिकको पनि तिमी मन नपर्ने व्यक्ति हुन सक्छ ।" अनि, मानिसहरूले तपाई माथि गर्ने षड्यन्त्रहरू महान

ब्यक्तिहरूलाई पनि डरलाग्दो हुने हुनाले, तिमीले सद्धर्मपुण्डरीक सूत्र प्रतिको आस्था अवश्य पनि त्याग्ने छौं ।

त्यस्ता ब्यक्तिहरूलाई पूर्ण रूपमा त्यागौं । त्यस्तो समय अवश्य आउने छ जब ब्रम्हा, शक्र र अरू देवताहरूका कारण, सम्पूर्ण जापानले एक साथ सद्धर्मपुण्डरीक सूत्रमा आस्था राख्ने छ । त्यति बेला तिनीहरूले शुरूवात देखि नै यसमा विश्वास गर्ने गर्थे भनेर मानिसहरूले भन्नेमा म विश्वस्त छु ।

हजार तथा दश हजार एकड जमिनहरूमा शासन गर्नेहरूलाई पनि सामान्य कुराहरूको लागि तिनीहरूको जीवन लिने र सम्पत्ति जफत भएका उदाहरणहरू थिए । यदि तिमीले अहिले सद्धर्मपुण्डरीक सूत्रको लागि तिम्रो जीवन दियौं भने तिमीले पश्चाताप गर्नु पर्ने के नै छ र ?

लाज पचाएर, देखावती मित्रता गाँसेर तिनीहरूले (शत्रुहरू) तिमीलाई कुरा फेर्न हतोत्साहित गर्नेछन् र तिमी माथि हाँसो उडाउने र अरूलाई पनि खिसि उडाउन लगाउने नियत राख्नेछन् । तिनीहरूलाई जे जे मन लाग्छ त्यही भन्न दिनु । त्यस पछि भन्नु "सबै मानिसहरूको अगाडि मलाई सल्लाह दिनु भन्दा सबैभन्दा पहिले तपाईंले स्वयंलाई नै किन सल्लाह दिनु हुन्न ?" यस टिप्पणीका साथ तपाई तुरून्त आफ्नो ठाउँबाट उठेर प्रस्थान गर्नुस् ।
(WND-1, पा. ७९८-८०१)

मेरो मन सधैं युवाहरूको सोचले भरिरहेको हुन्छ । जब एउटा युवा संघर्ष गरिरहेको कुरा सुन्छु, म चुप लागेर बस्न सक्दिन । म त्यहाँ गएर मद्दत गर्न चाहन्छु - केही कुरा गरेर तिनीहरूलाई सहायता गर्न जे पनि गर्न चाहन्छु ।

सोका गाक्काईका संस्थापक अध्यक्ष चुनेसाबुरो माकिगुचिले पनि युवाहरूलाई निकै चासो दिनु हुन्थ्यो । दोश्रो विश्व युद्ध ताका जापानमा मजदुरहरूको परिचालन हुंदा देशभरीका धेरै युवाहरू टोक्योको पश्चिममा रहेको तामा क्षेत्रका कारखानाहरूमा काम गर्न पठाइन्थ्यो । धेरै अवसरमा माकिगुचिले त्यहाँ गएर ती युवाहरूलाई भेट्न जानु हुन्थ्यो, जसले उत्सुकताका साथ निचिरेन दाइशोनिनको उपदेशहरूलाई सिक्ने र फैलाइरहेका थिए ।

वहाँले कारखानाको चमेना गृहमा निचिरेन बुद्धधर्म सम्बन्धि थुप्रै प्रवचनहरू दिनु हुन्थ्यो जुन युद्धकालिन विचार नियन्त्रकहरूका कडा निगरानीमा हुन्थ्यो । यो ७० वर्ष अगाडि १९४२ को कुरा थियो, जुन श्री माकिगुचि र श्री तोदालाई जापानको सैनिक अधिकारीहरूले थुनामा राखेको भन्दा एक वर्ष अगाडि थियो ।

सोही वर्ष, श्री माकिगुचिले तोहोकु क्षेत्रको फुकुशिमा मा लामो यात्रा गर्नु भयो र टोक्योको सोका गाक्काईमा प्रवेश गर्ने एक दिदी र भाइका अभिभावकलाई दाइशोनिनको बुद्धधर्ममा परिचय गराउनु भयो ।

दोश्रो सोका गाक्काईका अध्यक्ष जोसेइ तोदाले श्री माकिगुचिको युवाहरूको सुख तथा विकासको लागि सक्दो प्रयास गर्ने भावनालाई अरू भन्दा बढी बुझ्नु हुन्थ्यो । जब युवा पुरूष वर्गको पहिलो साधारण सभा सन् १९५३ मा भयो, श्री तोदा खुशीका साथ त्यहाँ उपस्थित सबै युवाहरूलाई हेर्नु भयो, जो कोसेनरूफु प्राप्त गर्ने दृढ निश्चयका साथ होमिएका थिए । उहाँले भन्नु भयो, "यदि मेरो गुरू माकिगुचि यहाँ भएको भए, वहाँ धेरै खुशी हुनुहुने थियो । यस जमघटमा मैले वहाँलाई देखाउन पाएको भए हुन्थ्यो । यो कुराले साँच्चै नै मेरो आँशु आउँछ ।

उपस्थित युवाहरूलाई सम्बोधन गर्दै भन्नु भयो - जब शाक्यमुनी जीवनको अनन्ततामा जागरूक हुनु भयो, ब्राम्हण बादको उपदेशलाई विरोध गर्नु भयो र बुद्धधर्म स्थापना गर्नु भयो, त्यति बेला वहाँले आफ्नो उपदेशहरूलाई फैलाउन गर्नु भएको प्रयासमा युवाहरूले नै साथ दिएका थिए । युवाहरूको कठिन मेहेनत र जोशमा विश्व इतिहासको मार्ग बदल्ने शक्ति हुन्छ ।

वहाँले यो पनि भन्नु भयोः "आधारभूत दर्शन भनेको जीवनको दर्शन हो.....हाम्रो दर्शन (निचिरेन दाइशोनिनको बुद्धधर्मको दर्शन) नै महान दर्शन हो जसले विश्वको सम्पूर्ण विज्ञानलाई मार्ग निर्देश गर्दछ । तपाईहरू विश्व स्तरका लिडरहरू हुनु हुन्छ ।

अद्भूत नियमको महान सिद्धान्तलाई अंगालेका युवाहरू नै नयाँ युगलाई मार्गदर्शन गर्ने प्रथम दर्जाका विश्व नेताहरू हुन् भन्ने एस.जि.आई. - सदा युवा जोशले भरिपूर्ण संस्थाको अटल दृढता हो । तिनीहरू यो दाइशोनिनले गर्नु भएको अनुमानसंग मिल्छ, "यदि कसैले अपनाएको धर्म महान छ भने त्यस धर्मलाई अपनाउने व्यक्ति अरू भन्दा पनि उच्च हुन्छ ।

यस महिनामा हामी दाइशोनिनको गोशो "ब्रम्हा र शक्रको कार्यहरू" अध्ययन गर्नेछौं जुन युवावस्थाका शिष्य नान्जो तोकिमिचुलाई लेखेको थियो । दाइशोनिनको एक युवालाई गरिएको प्रोत्साहन र हुर्काउने उदाहरणबाट हामीले युवाहरूलाई हुर्काउने अमूल्य भावना देख्न सक्छौं जुन युवा एस.जि.आई. बनाउनलाई महत्वपूर्ण छ ।

मैले ५ औं महिनाको १४ औं दिनमा पिडालुको भारी प्राप्त गरे जुन तपाईले कष्ट गरी पठाउनु भएको थियो । त्यसलाई उत्पादन गर्न लाग्ने परिश्रमको विचार गर्दा, पिडालुहरू आज रत्नहरू वा औषधी जस्तै बहुमूल्य छन् ।

नान्जो तोकिमिचुलाई अभिभावक सरी सल्लाह र प्रोत्साहन दिंदै

यहाँ दाइशोनिनले नान्जो तोकिमिचुको इमान्दारीपूर्ण भावना र उसका परिवारका अन्य सदस्यहरूलाई मिनोबु पर्वतमा कोसेलीहरू पठाउनु भएकोमा कृतज्ञता व्यक्त गर्नु हुन्छ जुन ठाउँमा दैनिक जीवनको लागि चाहिने खाद्य वस्तुहरूको अभाव हुंदै गइरहेको थियो । मई महिना भएकोले हामीले अनुमान गर्न सक्छौं कि नान्जोले पिडालुको भारी पठाएका थिए किनभने त्यो त्यस्तो समय थियो जब पहिलो वर्षको खेतीबाट आएको धानको भण्डार कम भइसकेको थियो ।

त्यतिबेला नान्जोको मालिकले तिनीहरूलाई स्थानीय मन्दिरको मर्मत गर्न अह्राएका थिए जसका कारण तिनीहरूको कार्य शक्ति र आर्थिक स्रोत सकिंदै गएको थियो । यस कुरा थाहा भएपछि र आफ्नो जीवन नै गाह्रो स्थितिमा हुंदा हुंदै, वहाँलाई जीवन धान्न खानेकुराहरू पठाइदिएकोमा दाइशोनिनले यी शब्दमा कृतज्ञता व्यक्त गर्नु भयो । आज पिडालु रत्न र औषधी जस्तै अमूल्य छन् । *(WND-1, पा. ७६८)*

जब तोकिमिचुले यो चिठ्ठी १२७७ मा प्राप्त गरे, उनी १६ वर्षका मात्र थिए जुन बेला उसले परिवार र समूदायको मूख्य खम्वा र कोसेनरूफुको खम्वाको रूपमा जिम्मेवारी आफ्नो काँधमा लिन शुरू गरेका थिए । दाइशोनिनले उसलाई पिता सरह सहायता तथा प्रोत्साहन दिएका थिए ।

अझ भन्ने हो भने १२७५ देखि १२७८ को समयमा (दाइशोनिन मिनोबु पर्वतमा सरेका बेला) दाइशोनिनको मंगोल आक्रमणको भविष्यवाणी १२७४ मा सत्य सावित भएपछि उनका श्रावकको समूदायमा निकै बृद्धि भइरहेको थियो । बौद्ध संघका उच्च पदस्थ पुजारीहरू र सैनिक सरकारका अधिकारीहरू यस उन्नतीबाट असन्तुष्ट थिए र तिनीहरूको षड्यन्त्रद्वारा दाइशोनिनका अनुयायीहरूलाई दिने कष्ट पनि बढ्दै गएको थियो । यही समयमा इकेगामी दाजुभाईको बुवा, संगको समस्या भोगिरहेको थियो र शिजो किङ्गोलाई पनि आफ्नो मालिकबाट सद्धर्मपुण्डरीक सूत्रको आस्था त्याग्न दवाव आइरहेको थियो ।

निक्को शोनिनको अगुवाइमा प्रचारका प्रयासहरू अगाडि बढिरहेको सुरूगा प्रान्तमा पनि दाइशोनिनका स्थानिय उपासकहरूलाई अत्याचार भइरहेको थियो जुन पछि गएर आचुहारा दमनमा परिणत भएको थियो । तोकिमिचुलाई पनि दानव कार्यहरूले सताइराखेको थियो जसले गर्दा बौद्ध साधनामा रोकावट आइरहेको थियो । यी सबै कुराहरू थाहा पाएर दाइशोनिनले यो चिठ्ठी लेख्नुभयो ताकि युवा साधकहरूले बाधा माथि विजयी हुन सकोस् ।

विम्बिसार नाम गरेका राजा एकजना राम्रा शासक तथा सम्पूर्ण जम्बुद्विपमा सम्पूर्ण बुद्धको महान उपासक थिए । अझ भन्ने हो भने उसले मगधमा शासन गरेका थिए जुन राज्यमा बुद्धले सद्धर्मपुण्डरीक सूत्रको उपदेश दिने मनशाय थियो । राजा र बुद्धको सोच समान भएकोले मगधमा सद्धर्मपुण्डरीक सूत्रलाई देशना गर्ने निश्चित सम्भावना थियो । तर देवदत्तले कुनै पनि तवरले यसलाई रोक्ने इच्छा गरेका थिए.....

स्वर्गका दानवराजा मगधमा आफ्ना असंख्य समर्थकहरू लिएर उत्रिए र देवदत्त, अजातशत्रु तथा उनका ६ मन्त्रीहरूको रूप धारण गरे । त्यसैले तिनीहरू स्वरूपले मानव देखिए पनि तिनीहरूमा स्वर्गका दानव राजाको शक्ति संचारित थियो । तीब्र हावाले लडाएका घाँस र रूखहरू भन्दा समुन्द्रमा छाल उत्पन्न गराउने आँधी भन्दा, धर्तीलाई हल्लाउने ठूलो भूईचालो भन्दा वा एक घर पछि अर्को घर आगोको चपेटामा परेको भन्दा पनि तिनीहरू धेरै रूखो, डरलाग्डो तथा सावधान हुनुपर्ने किसिमका थिए ।

(WND-1, 798)

बौद्ध साधनालाई दानवीय कार्यहरूको अवरोध

नान्जो तोकिमिचुको बौद्ध साधनालाई रोक्न प्रयास गरेका दानवीय कार्यहरू उसको तत्कालको वातावरणमा स्पष्टसंग प्रकट भइसकेको थियो । दाइशोनिनले यस कुरालाई जोड दिन चाहनुहुन्थ्यो कि बुद्धधर्म भनेको नै बुद्ध र दानवीय कार्यहरू वीच हुने संघर्ष हो जसमा दानवीय कार्यले विभाजन र द्वन्द्व ल्याउन खोजिरहेको हुन्छ । जब दानवीय कार्यहरूको स्वरूप चिनिन्छ, तिनीहरूको शक्ति निष्क्रिय हुन्छ । तोदा भन्नु हुन्छ, चाहे जस्तो ठूलो बाधालाई सामना गर्नुपरेपनि एक चोटी ती दानवीय कार्यहरूलाई चिने पछि तपाईमा अझ साहस बढ्छ र त्यसलाई सजिलै परास्त गर्न सक्ने हुन्छ । दानवीय कार्यलाई हटाउने पहिलो पाइला भनेको तिनीहरूको स्वरूप चिन्नु हो ।

तोकिमिचुलाई लेखेको चिठ्ठीमा दाइशोनिनले कसरी खराव अभिप्रायका व्यक्तिहरूले अरूलाई धोका दिन्छ र कसरी बुद्धिमानी व्यक्तिलाई पनि तिनीहरूको जालझेलबाट छुटकारा पाउन कठिन हुन्छ भन्ने कुराहरू इमचि-फू को एक प्राचिन चिनीयाँ कथा उल्लेख गरि व्याख्या गर्नुभएको छ ।

अर्को, दाइशोनिनले दानव कार्यहरूले बुद्धधर्मका साधनालाई बाधा पुऱ्याउँछ भनेर शाक्यमुनिको जीवन कालमा भएको ठूला दमनहरूको उदाहरण दिएर उल्लेख गर्नु भएको छ । वहाँ व्याख्या गर्नु हुन्छ कि शाक्यमुनिले अनुभव गरेका उत्पीडनहरू, देवदत्तले उनलाई सद्धर्मपुण्डरीक सूत्रको प्रतिपादन गर्नबाट रोक्न गरेको षडयन्त्र हो । मगधका राजा विम्बिसार बुद्धधर्मका प्रवल समर्थक भएकोले शुरूमा देवदत्तको जुक्तिले केही काम गरेन, त्यसैले देवदत्तको दृष्टी राजकुमार अजातशत्रु (विम्बिसारको छोरा र उत्तराधिकारी) मा पऱ्यो । अजातशत्रुलाई धेरै वर्ष रिझाएपछि देवदत्तले उनलाई आफ्नो बाबुलाई मार्न उक्सायो । देवदत्त र अजातशत्रु दुबै मिलेर राज्य गर्न थालेपछि भारत भरिका खराव मानिसहरू बादलले घेरे झैं तिनीहरूको वरिपरि भेला हुन थाले । तिनीहरूसंग मित्रता गाँसेर राजा बुद्धको मुख्य शत्रु बन्न पुगे । *(WND-1, पा. ७९८)*

दाइशोनिन लेख्नु हुन्छः "स्वर्गका दानव राजा र देवदत्त, अजातशत्रु.....को रूप धारण गरे । त्यसैले, तिनीहरू रूपले मानव देखिएपनि तिनीहरूमा दानव राजाको शक्ति संचारित थियो । *(WND-1, पा. ७९८)* सद्धर्मपुण्डरीक सूत्रको १३ औं परिवर्त "उत्साह" मा लेखिएको "दानव राक्षसहरूले अरू माथि प्रभुत्व जमाउँछ" भन्ने उपदेशको यो उदाहरण हो । *(SOC 13, 233 (LS 13, 194)*

यस "स्वर्गका दानव राजाको शक्ति" ले अनुमानै गर्न नसकिने प्रभाव त्यस भूमि र त्यहाँ बस्ने मानिसहरूमा पार्दछ । दाइशोनिनका अनुसार, यस शक्तिको नियन्त्रणमा रहेकाहरू आँधी भन्दा पनि क्रुर र विनाशकारी हुन्छन् र राज्यभरि नै डर र त्रास फैलाई दिन्छन् । *(WND-1, पा. ७९८)* दाइशोनिन भन्नु हुन्छ कि शाक्यमुनी, वहाँका शिष्यहरू तथा कुलहरू माथि अत्याचार गरिएको थियो । त्यो यस्तो

दर्दनायक थियो कि मानिसहरूले सोच्थे कि, "सायद शाक्यमुनिको शक्तिले पनि ती राक्षसी व्यक्तिहरूको शक्तिसंग सामना गर्न सक्दैन ।" जब देवदत्तले भिक्षु उपत्पलवर्णलाई हत्या गर्छ र रक्तपात हुने गरि शाक्यमुनिलाई घाइते बनाइदिन्छ त्यतिबेला कसैले पनि शाक्यमुनिको पक्ष लिएनन्, भन्नु हुन्छ । *(WND-1, पा. ७६६)*

यो तथ्यहरूबाट देखाउँछ कि राक्षसी कार्यहरूले, मानिसहरूमा कसरी विभाजन ल्याउँछ र सही कार्य गर्न र उभिने शक्तिलाई क्षीण बनाउँछ । जसका जीवनमा राक्षसी कार्यहरूको प्रभाव हुन्छ, तिनीहरूले राम्रा कुराहरूको डाह गर्छन् र तिनीहरूको उत्पीडन भएको देखेर खुशी हुन्छन् । तिनीहरू अरूको सद्गुण र इमान्दारीताको नाश गर्न तल्लिन हुन्छन् ।

आस्थालाई बलियो बनाउन अनवरत प्रयासहरू गर्ने

शाक्यमुनिले यी बाधाहरूलाई परास्त गर्नु भयो र अन्तमा सद्धर्मपुण्डरीक सूत्र प्रतिपादन गर्नु भयो । स्वर्गका दैत्यराजाको कुनै पनि कपटी कार्यहरूले सबै प्राणीहरूलाई बुद्धत्व प्राप्त गर्न मद्दत गर्ने बुद्धको इच्छालाई निभाउन सकेन । राक्षसी कार्यहरू माथि विजय प्राप्त गर्नेको अर्को नाम बुद्ध हो ।

सद्धर्मपुण्डरीक सूत्रमा शाक्यमुनि भन्नु हुन्छ, "यदि तथागत यस संसारमा हुंदा नै यस सूत्र प्रति अपार घृणा र इर्ष्या हुन्छ भने, उनको मृत्यु पश्चात झन् कति धेरै हुने होला ?" अर्को शब्दमा सद्धर्मपुण्डरीक सूत्रका शत्रुहरूले यसका साधकहरूलाई शाक्यमुनिले आफ्नो जीवनकालमा अनुभव गरे भन्दा पनि बढी उत्पीडन शाक्यमुनिको गर्नेछन् भन्नु भएको छ । बुद्धले धर्मको पछिल्लो युगमा मानिसहरूलाई बुद्धत्व तर्फ डोऱ्याउने सच्चा प्रण लिएको शिष्यहरूलाई सम्बोधन गर्नुभएको हो ।

यस तथ्यलाई विचार गर्दै दाइशोनिन भन्नुहुन्छ कि शाक्यमुनिले सद्धर्मपुण्डरीक सूत्रको प्रतिपादन गरे देखि अहिलेसम्म "यो आभास हुन्छ कि बुद्धले जस्तै कसैले अनुभव गरेका छैनन्" *(WND-1, पा. ७६६)* । वहाँले भन्नुहुन्छ कि तियनताई र देङ्ग्यो जस्ता महान गुरूहरूले पनि शाक्यमुनिले जस्तै कठोर उत्पीडनहरू भोगेका छैनन्: "दुबै जनाले नै राज्यका शासकको हात-हतियार द्वारा वा दुर्वचनको आक्रमणबाट उत्पीडन भोग्नु परेको थिएन । *(WND-1, पा. ७६६)*

छैठौं स्वर्गका दानवराजा भनेको आधारभूत अन्धकार अथवा अज्ञानताको कार्य हो जुन जीवनमा निहित आधारभूत भ्रम हो । जबसम्म यसलाई परास्त गरिंदैन, सच्चा विजय हुन सक्दैन । दाइशोनिन भन्नुहुन्छ "विश्वास" भन्ने एउटा शब्द त्यस्तो धारिलो तरवार हो जसले आधारभूत अन्धकार अथवा अज्ञानतालाई परास्त गर्छ । *(OTT ११६-20)* यस हरफमा उल्लेख गरे अनुसार अद्भूत धर्ममा विश्वास अथवा आस्था भनेको त्यस्तो एक मात्र शक्ति हो जसबाट आधारभूत अन्धकार अथवा अज्ञानतालाई परास्त गर्न सकिन्छ । मैले भने जस्तै बुद्धधर्म भनेको बुद्ध र दानव कार्यहरू वीचको पहिलो र अन्तिम संघर्ष हो । त्यसैले हामीले अनवरत प्रयासहरू गरि आस्थालाई बलियो बनाई आफ्नो बुद्ध प्रकृतिलाई उजागर गर्नु अति महत्वपूर्ण हुन्छ । दाइशोनिनले भन्नु भएको छ कि, "आस्थालाई दिन प्रति दिन, महिना प्रति महिना बलियो बनाउनुस् । यदि तपाई अलिकति मात्रै पनि चुक्नु भयो भने दानवहरूले यसको फाइदा उठाउने छन् *(WND-1, पा. ६६७)* यी शब्दहरू हाम्रा लागि सदैव मार्गदर्शन हुन् ।

> दाइशोनिनले भन्नु भएको छ कि, "आस्थालाई दिन प्रति दिन, महिना प्रति महिना बलियो बनाउनुस् । यदि तपाई अलिकति मात्रै पनि चुक्नु भयो भने दानवहरूले यसको फाइदा उठाउने छन्
> *(WND-1, पा ९९७)*

त्यो त्यस्तो समय थियो जब उहाँका सम्पूर्ण उपासकहरूले विभिन्न चुनौती र समस्याहरू सामना गरिरहेका थिए, दाइशोनिनले विना संकोच तोकिमिचुलाई निरन्तर लडिरहने भावना र दानवीय कार्यहरू माथि विजय प्राप्त गर्ने आस्था र साधनाका उपायहरू सिकाउन चाहनु हुन्थ्यो । यस चिठ्ठी "ब्रम्हा र शक्रका कार्यहरू" मा दाइशोनिनले उहाँको युवा शिष्यमा कठिनाईलाई पार गर्ने अथक बल भएको आस्थामा सच्चा प्रतिज्ञा भएको व्यक्ति बनाउने प्रवल इच्छा व्यक्त गर्नु हुन्छ ।

जब बाघ गर्जन्छ, तेज हावा चल्छ, जब ड्रागन गाउँछ बादलहरू जम्मा हुन्छ । तर एक खरायोको अथवा गधाको आवाजले न हावा न त बादल चल्दछ । जबसम्म मूर्खले सद्धर्मपुण्रीक सूत्र पढ्छन् र सन्त पढाउँछन्, देशमा शान्ति स्थिरता रहन्छन् । तर यो भनिएको छ कि जब एक साधुको आगमन हुन्छ र बुद्धले जस्तै सद्धर्मपुण्डरीक सूत्रको प्रवचन गर्न थाल्छ, देशमा उत्पात ल्याइदिन्छ र बुद्धको समयमा भन्दा पनि ठूला दमनहरू आइदिन्छ ।

अहिले म न त महान व्यक्ति हुं न त साधु नै । म विश्वकै भ्रष्ट व्यक्ति हुं । यस्तो भएतापनि, मेरो कार्यहरू सूत्रले सिकाए अनुसार एकदम सही भएको जस्तो लाग्छ । त्यसैले जब मेरो ठूला-ठूला समस्याहरू संग भेट हुन्छ, म मेरो मृत अभिभावकहरू फेरि जिवित फर्के भन्दा वा कसैले आफ्नो शत्रु दुर्घटनामा परेको देख्नु भन्दा पनि धेरै हर्षित हुन्छ । म खुशी छु कि म जस्ता मूर्ख व्यक्तिलाई बुद्धले साधु भनेर मान्नु भयो ।
(WND-1, 799)

"खुशी" साथ बाधाहरूको सामना

यस अंशमा दाइशोनिनले सद्धर्मपुण्डरीक सूत्रका सच्चा साधकहरूले उनीहरूको जीवन जीउनुको सच्चा आनन्दको व्याख्या गर्नुभएको छ ।

दाइशोनिन लेख्नु हुन्छ जब बाघ गर्जन्छ, तेज हावा चल्छ, जब ड्रागन गाउँछ बादलहरू जम्मा हुन्छ । तर एक खरायोको अथवा गधाको आवाजले न हावा न त बादल नै चल्दछ । जबसम्म मूर्खले सद्धर्मपुण्रीक सूत्र पढ्छन् र सन्त पढाउँछन्, देशमा शान्ति स्थिरता रहन्छ । तर यो भनिएको छ कि जब एक सिद्ध पुरूषको आगमन हुन्छ र बुद्धले जस्तै सद्धर्मपुण्डरीक सूत्रको प्रवचन गर्न थाल्छ, देशमा उत्पात ल्याइदिन्छ र बुद्धको समयमा भन्दा पनि ठूला दमनहरू आइदिन्छ । *(WND-1, 799)*

यहाँ महत्वपूर्ण कुरा भनेको को मूर्ख हो र को सिद्ध पुरूष हो भन्ने दाइशोनिनको परिभाषा सांसारिक मूल्याङ्कणमा आधारित छैन । उदाहरणको लागि, वहाँलाई जतातैका मानिसहरूले पथ भ्रष्ट व्यक्तिका रूपमा लिएतापनि वहाँले अद्भूत नियमको प्रचारमा आफूलाई समर्पित गर्नु हुंदै सद्धर्मपुण्डरीक सूत्रमा व्याख्या गरे अनुसार उत्पीडनहरू भोग्नु भएका कारण वहाँलाई बुद्धले एक सिद्ध पुरूषका रूपमा योग्य भएको भनेर हेरिएको छ । यसको विपरित, वहाँ लेख्नु हुन्छ कि, संसारमा देवदत्त जस्तो लाई विवेकी व्यक्ति भनेर पुजिएको व्यक्ति बुद्धको आँखाबाट हेर्दा तिनीहरूले भविष्यको जीवनकालमा असाध्यै दुःख भोग्नु पर्ने हुनेछ । *(WND-1, ७११-८००)* यहाँ दाइशोनिनले त्यस्ता व्यक्तिहरू भनेर गोकुराकु-जी मन्दिरका च्योकान तथा उनका अनुयायी लाई भनिएको हो जो सद्धर्मपुण्डरीक सूत्रका उपासकहरूको विरोधी थिए र मानिसहरूलाई दुःख पुऱ्याएको थियो ।

अर्को शब्दमा, बुद्धको दृष्टिकोणबाट हेर्दा वहाँको उपदेश अनुसार कसैले सही तरिकाले साधना गरेको छ कि छैन भन्ने कुरा महत्वपूर्ण छ । दाइशोनिनले "बुद्धले जस्तै सही तरिकाले सद्धर्मपुण्डरीक सूत्रको प्रवचन गर्ने" र "सूत्रले सिकाए अनुरूप कार्य गर्ने" कुरामा जोड दिनुभएको छ । उहाँको अनुसार अद्भूत धर्मको प्रचारको अवधिमा कठिन बाधाहरूको सामना बाट सूत्रलाई जीवन्त रूपमा अध्ययन गरेकोमा आफै "हर्षित" भएको वहाँ बताउनु हुन्छ ।

सूत्रलाई जीवन्त रूपमा अध्ययन गर्नुको हर्ष - यसका उपदेशहरूलाई व्यवहारमा उतार्ने भनेको सम्पूर्ण मानिसलाई बोधिज्ञान तर्फ डोऱ्याउने बुद्धको इच्छालाई साकार बनाउन

गरिने हर्षपूर्ण कार्य हो । यो "बुद्ध समान कार्य" को हर्षपूर्ण परिश्रम हो - बुद्धको दूतका रूपमा गरिने बुद्धसमान परिश्रमलाई अघि बढाउनु हो । बुद्धधर्मको सर्वोच्च शिक्षालाई साधना गर्ने र हाम्रो वरिपरि बसेकाहरूलाई बुद्धत्व प्रकृतिलाई प्रकट गर्न मद्दत गर्नु भन्दा महान खुशी जीवनमा अरू केही छैन ।

हाम्रो लागि एस.जि.आई. को सदस्यहरूको रूपमा यही नै कोसेनरूफु प्रबर्द्धन गर्ने खुशी हो । संवाद द्वारा आफ्नो र अरूको लागि सुखको सिर्जनाबाट हामीले पृथ्वीको बोधिसत्वको कार्य सम्पन्न गर्नु भनेको अतुलनीय हर्षको श्रोत हो ।

आफ्नै संघर्षको उदाहरणबाट दाइशोनिनले तोकिमिचुलाई अद्भूत धर्मको प्रचार-प्रसारको खुशीको बारेमा सिकाउनु भयो । उहाँको युवा शिष्यलाई लेख्नु भएको चिठ्ठीहरूमा हामी देख्छौं कि "यदि मानिसहरूले तिम्रो आस्थालाई अवरोध गर्ने प्रयास गऱ्यो भने म तिमीलाई साहसी भएर खुशी अनुभव गर्न आग्रह गर्दछु ।" *(WND-2, पा. ५६६)* र अरूले हामीलाई (निचिरेन र वहाँका अनुयायीहरू) निन्दा गरेतापनि हामी धर्मका गुरूहरू भएकोले त्यस्ता कुराको कुनै वास्ता गर्दैनन् ।" *(WND-2, पा. ५०१)*

महत्वपूर्ण कुरा भनेको अरूले के सोच्छन् भन्ने नभई हामीले के गर्दैछौं भन्ने हो न कि दाइशोनिनको बुद्धधर्ममा आधारित हाम्रो आफ्नै कार्यमा सबथोक निर्भर गर्दछ । युवामा, हामी प्राय हाम्रो बारेमा अरूले के सोच्छन् भन्ने कुरामा ज्यादै चासो राख्छौं, तर साच्चै नै भन्ने हो भने हाम्रो जीवन कसरी बाँच्छौं भन्ने कुरा महत्वपूर्ण हुन्छ । श्री तोदा प्राय भन्नु हुन्थ्योः "तिमीले दाइशोनिनसंग कृपा जित्ने खोजी गर्नु पर्छ ।"

सोका गाक्काईको प्रमाण चिन्ह रहेको पवित्र र महान आस्थाको बारेमा बोल्नु हुंदै तोदाले यो पनि भन्नु भयोः दाइशोनिनको यो मान्यता रहेको छ कि, "मूर्खहरूबाट तारिफ हुनु - त्यो सबै भन्दा ठूलो लाज हो । *(WND-1, पा. २८४)* यो नै सोका गाक्काईका संस्थापक चुनेसाबुरो माकिगुचीले आदर्श वचन र धार्मिक सिद्धान्त थियो जुन बेला वहाँले बुद्ध धर्मको सही शिक्षालाई वृहत रूपमा फैलाउने प्रयास गर्नु भयो । यी शब्दहरूलाई आत्मसाथ गर्नुहुंदै अध्यक्ष माकिगुचिले सद्धर्मपुण्डरीक सूत्रको लागि निन्दा तथा आक्रमण खेप्नु भनेको लाजमर्दो होइन भनेर लिनु भयो । मूर्खहरूले तारिफ गर्नु महान लाज हो भने निचिरेन दाइशोनिनले प्रशंसा गर्नु भनेको ठूलो सम्मान हो भन्ने दृढ विश्वासका साथ वहाँले सद्धर्मपुण्डरीक सूत्रको सारलाई प्रचार-प्रसार गर्ने प्रयासका कारण जेलमा नै वहाँ विल्नु भयो । म विश्वास गर्छु कि, वहाँको जीवनले निचिरेन दाइशोनिनको बुद्धधर्मका सबै साधकहरूलाई एक उदाहरर्णीय नमूना प्रस्तुत गर्नु भएको छ ।

दाइशोनिनले तोकिमिचुलाई सिकाउनु भएको सद्धर्मपुण्डरीक सूत्रको उपासकहरूको सम्मान भनेको नै सोकाको गुरू र शिष्यको महान आधारभूत भावना हो । हामी एस.जि.आई. का सदस्यहरूले यस महान भावनाका साथ साधना गरेको हुनाले हामीले हाम्रो हरेक संघर्षमा विजयी भएर वर्तमानमा भब्य संगठनलाई विकास गर्न सक्यौं ।

***

यदि तपाई सद्धर्मपुण्डरीक सूत्रको अनुयायी जस्तो छ भन्ने हल्ला चल्यो भने तपाईको नजिकका र टाढाकाहरू दुबैले अप्रत्याशित रूपले सल्लाह दिने छ कि तिनीहरू तपाईको सच्चा मित्रहरू हुन् र भन्छ कि, "यदि तिमी निचिरेनलाई विश्वास गर्छौं भने तिमी अवश्य पनि गलत बाटोमा हिड्नेछौं । तिम्रो मालिकको पनि तिमी मन नपर्ने व्यक्ति हुन सक्छ ।" अनि, मानिसहरूले तपाई माथि गर्ने षड्यन्त्रहरू महान व्यक्तिहरूलाई पनि डरलाग्दो हुने हुनाले, तिमीले सद्धर्मपुण्डरीक सूत्र प्रतिको आस्था अवश्य पनि त्याग्ने छौं ।

त्यस्ता व्यक्तिहरूलाई पूर्ण रूपमा त्यागौं । त्यस्तो समय अवश्य आउने छ जब ब्रम्हा, शक्र र अरू देवताहरूका कारण, सम्पूर्ण जापानले एक साथ सद्धर्मपुण्डरीक सूत्रमा आस्था राख्ने छ । त्यति बेला तिनीहरूले शुरूवात देखि नै यसमा विश्वास गर्ने गर्थे भनेर मानिसहरूले भन्नेमा म विश्वस्त छु ।

(WND-1, 800)

दानवीय कार्यहरूबाट सुरक्षित राख्नु

यस अंश देखि, दाइशोनिनले तोकिमिचुलाई उसको अवस्थासंग कसरी जुझ्ने र उसले ध्यान दिनु पर्ने क्षेत्रहरूको विषयमा पनि विशेष सल्लाह दिनु हुन्छ ।

कामाकुरा सैनिक सरकारको सामन्तीहरू नान्जोहरू थिए - यस अवस्थामा वर्तमान सरकारको विरूद्धमा तोकिमिचुलाई दाइशोनिनको अनुयायीको रूपमा रहनु धेरै गाह्रो थियो । उनका आफन्त तथा अन्य परिवारका सदस्यहरूले उसलाई सरकारको विरूद्ध जानबाट रोक्न गाली गर्नु भएकोमा कुनै शंका छैन ।

दाइशोनिनले आफ्ना युवा शिष्यलाई सचेत गर्नु हुन्छ कि मानिसहरूले मित्रताको सम्बन्धको वाहनाले भन्छन्: "यदि तिमीले दाइशोनिन पूजारिलाई विश्वास गर्छौ भने तिमी अवश्य नै बहकिनेछौ । तिमी तिम्रो मालिकको मन नपर्ने पनि हुनेछौ ।" *(WND-1, ८००)* विवेकीहरू पनि खराब युक्तिहरूमा फस्न सक्ने कुरालाई बुझेर वहाँले तोकिमिचुलाई सुरक्षित रहन र सद्धर्मपुण्डरीक सूत्रको आस्थालाई त्याग्ने जालमा नपर्न आग्रह गर्नु भयो ।

यस पछि दाइशोनिनले बुद्धधर्मको सही शिक्षाको प्रचारमा अवरोधको रूपमा आउन सक्ने दानवीय कार्यहरूको आधारभूत ढाँचाका बारेमा स्पष्ट पार्नु हुन्छः "ती अधिक दानवीय इच्छाले भरिपूर्ण भएकाहरूले जब एक अनुयायीलाई आस्था त्याग्न लगाउन सफल हुन्छ भने सो व्यक्तिलाई अरू धेरैको आस्था त्याग्नको लागि उपयोग गर्दछन् । *(WND-1, ८००)* यसको ठोस उदाहरणको रूपमा पहिले आफ्नो अनुयायीहरू रहेका शो-वो, नोटो-वो र साधारण भिक्षुनी नागोएको उदाहरण दिनु हुन्छ । वहाँले तिनीहरूलाई लोभी, कायर र मूर्ख मानिसका रूपमा व्याख्या गर्नुहुन्छ जो आफूलाई बुद्धिमानी व्यक्ति भनि चर्चा गर्दै हिड्छन् । सही शिक्षाको साधना केवल देखावतीको लागि मात्र गर्ने, आस्था गहिरो नभएकाहरू सजिलै दानवीय कार्यहरूबाट पराजित हुन्छन् । जब समस्याहरू बल्झिन्छ तिनीहरूले तुरून्तै आफ्नो आस्थालाई त्याग्छन् र चलाखीपूर्वक तिनीहरूको यस कार्यको सफाई गर्छन् र अरूलाई पनि यहि गर्न आग्रह गर्छन् ।

यस कुरालाई बुझाइसकेपछि दाइशोनिनले तोकिमिचुलाई भन्नु हुन्छः "यदि तिमी आफूले आफैलाई यस कुरामा चित्त बुझाउँछौ भने सद्धर्मपुण्डरीक सूत्रमा विश्वास गर्ने शुरूगाका ती मानिसहरू लगायत आस्था अंगाल्न थालेका ती व्यक्तिहरू सबैले नै सूत्रमा आस्था त्याग्ने छन् । *(WND-1, 800)* मलाई लाग्छ कि, उहाँले तोकिमिचुलाई, "शुरूगा प्रान्तको कोसेनरूफुको आशा भनेको तिमी हौ । त्यसैले कृपया तिमी अडिग भएर उभिनुस्" भनेर भन्न चाहनु भएको थियो ।

एकजना व्यक्तिलाई पूर्ण हृदयले प्रोत्साहन गर्नु भनेको नगन्य अरूलाई प्रोत्साहन गर्ने शुरूवात हो । यसप्रकार, कोसेनरूफुको अनन्त जग भनेको नै तपाईको स्थानीय क्षेत्रका समर्पित र संकल्पित प्रयासहरू द्वारा मानिसहरूलाई प्रशिक्षण दिने र अमूल्य युवाहरूलाई हुर्काउने कार्यले कोसेनरूफुको अनन्त आधारशीला निर्माण गर्दछ ।

एकजना व्यक्तिलाई पूर्ण हृदयले प्रोत्साहन गर्नु भनेको नगन्य अरूलाई प्रोत्साहन गर्ने शुरूवात हो । यसप्रकार, कोसेनरूफुको अनन्त जग भनेको नै तपाईको स्थानीय क्षेत्रका समर्पित र संकल्पित प्रयासहरू द्वारा मानिसहरूलाई प्रशिक्षण दिने र अमूल्य युवाहरूलाई हुर्काउने कार्यले कोसेनरूफुको अनन्त आधारशीला निर्माण गर्दछ ।

कोसेनरूफु सफल हुनेछ

त्यस्ता व्यक्तिहरूलाई कडाइका साथ एक्लै छोडौं । त्यस्तो समय अवश्य आउने छ जब ब्रम्ह, शक्र र अरू देवताहरूका कारण, सम्पूर्ण जापानले एक साथ सद्धर्मपुण्डरीक सूत्रमा आस्था राख्ने छ । *(WND-1, पा. ८००)* सर्वप्रथम, तोकिमिचुलाई द्वेषपूर्ण व्यक्तिहरूबाट नवहकिन र उहाँको आस्थालाई त्याग्न लगाउने षडयन्त्रबाट जोगिन सचेत गराउनु भयो । त्यसपछि वहाँले अद्भूत धर्म सर्वत्र भूमिमा फैलिने समयको आगमन हुने घोषणा गर्नु हुन्छ । वहाँ भन्नुहुन्छ कि, यो ब्रम्हा तथा शक्र जस्ता स्वर्गका देवताहरूको कार्यका कारण हुनेछ । स्वर्गका देवताहरूले क्रियाशील बनाईएको विभिन्न अवरोध र विपत्तिहरूले बुद्धधर्मको सही शिक्षा प्रति मानिसहरूलाई जागृत बनाईदिन्छ ।" भनेर विस्तृत रूपमा "समयको छनौट" मा वहाँले व्याख्या गर्नु भएको छ । *(WND-1, 542-53)*

अर्को लेखमा दाइशोनिन घोषणा गर्नु हुन्छः

जब ठूलो विपत्ति आईपर्छ तब महान असलले पछ्याउँछ । हाम्रो भूमिमा शक्तिशाली निन्दाहरू भैसकेको हुनाले सत्य महान धर्म अवश्य नै फैलिनेछ । *(WND-1, 1119)*

***

ठूलो विपत्तिले महान असलको आगमनको संकेत गर्दछ । यदि सम्पूर्ण जम्बुद्विप (सम्पूर्ण विश्व) अस्तव्यस्ततामा डुबेमा सद्धर्मपुण्डरीक सूत्र जम्बुद्विप भरि नै वृहत् रूपमा फैलिने कुरामा कुनै शंका छैन । *(WND-1, 1122)*

अन्धकार जति गहिरिन्छ, त्यति विहानी नजिक पुग्छौं । ठूलो विपत्ति भनेको महान असलको सन्देशवाहक भएकोले यसले कोसेनरूफुको महत्वपूर्ण पाइला क्षितिजमा छाएको इंगित गर्दछ । यस्तो समयमा दाइशोनिन भन्नु हुन्छ "धेरै मानिसहरूले दावी गर्नेछन् कि, तिनीहरू सबैले शुरू देखि नै यसमा विश्वास गर्ने गर्थे । *(WND-1, 800)*

दाइशोनिनले इमान्दार संकल्प भएका एक व्यक्तिले नेतृत्व गर्दै अर्को दुई, तीन अनि सयौं दृढ संकल्पित शिष्यहरूको आगमनको चाहना गर्नु हुन्छ जसले कोसेनरूफुको महान संघर्षमा वहाँलाई साथ दिनु हुनेछ । कोसेनरूफु भनेको वचनवद्ध पृथ्वीका बोधिसत्वहरूको भेलाको एक विस्तार हो ।

दाइशोनिनका युवा अनुयायीहरूले आकांक्षाहरूले भरिपूर्ण छ कि वहाँको कोसेनरूफुको अग्रदूत भएर परिश्रम गर्नेछ भन्ने वहाँको आंकाक्षा यस लेखन "ब्रम्हा र शक्रको कार्यहरू" मा रहेको छ ।

मेरो गुरू जोसेइ तोदाको दूरदर्शितालाई आत्मसाथ गर्दै, कोसेनरूफुको अग्रदूत हुने दृढताका साथ म अगाडि बढें । मैले जीवनको दुःखले निरूत्साहित तथा कर्मको आँधीले जीर्ण भएका सदस्यहरूलाई हौसला दिएं । मैले मेरो सम्पूर्ण हृदय देखि प्रार्थना गरें । उज्यालो भविष्यको मार्ग उघार्नको लागि आशा र साहसका साथ अथक प्रयास गर्दै अघि बढें ।

यो एक पछि अर्को चुनौतीपूर्ण पहाड थियो । बाटो कहिल्यै सजिलो थिएन । यो सधैं यस्तै नै हुनेछ । कोसेनरूफु भनेको मानवताको सुखको लागि गरिने अभूतपूर्व प्रयत्न हो । यो एकदमै कठिन भएकोले नै हाम्रो प्रयासबाट पाउने लाभ पनि अतुलनीय हुन्छ । यो एकदम चुनौतीपूर्ण भएकै हुनाले यस जिम्मेवारीलाई काँधमा बोक्न र उभिन युवा व्यक्तिहरूको आवश्यकता पर्दछ ।

दाइशोनिनले तोकिमिचुलाई कोसेनरूफुको अग्रदूत हुन आव्हान गर्नु भनेको सोकाका सम्पूर्ण युवाहरूलाई खुशीका साथ समर्थन गर्नु हो ।

हजार तथा दश हजार एकड जमिनहरूमा शासन गर्नेहरूलाई पनि सामान्य कुराहरूको लागि तिनीहरूको जीवन लिने र सम्पत्ति जफत भएका उदाहरणहरू थिए । यदि तिमीले अहिले सद्धर्मपुण्डरीक सूत्रको लागि तिम्रो जीवन दियौं भने तिमीले पश्चाताप गर्नु पर्ने के नै छ र ?

लाज पचाएर, देखावती मित्रता गाँसेर तिनीहरूले (शत्रुहरू) तिमीलाई कुरा फेर्न हतोत्साहित गर्नेछन् र तिमी माथि हाँसो उडाउने र अरूलाई पनि खिसि उडाउन लगाउने नियत राख्नेछन् । तिनीहरूलाई जे जे मन लाग्छ त्यही भन्न दिनु । त्यस पछि भन्नु "सबै मानिसहरूको अगाडि मलाई सल्लाह दिनु भन्दा सबैभन्दा पहिले तपाईले स्वयंलाई नै किन सल्लाह दिनु हुन्न ?" यस टिप्पणीका साथ तपाई तुरून्त आफ्नो ठाउँबाट उठेर प्रस्थान गर्नुस् । (WND-1, पा. ७९९-८०१)

अहिले महत्वपूर्ण क्षण हो

तोकिमिचुलाई दानव कार्यहरूको बाधा माथि विजय प्राप्त गर्न कस्तो व्यवहार गर्नु पर्छ भन्ने सल्लाहलाई निरन्तरता दिंदै दाइशोनिन सिकाउनु हुन्छ कि, सबै भन्दा महत्वपूर्ण कुरा भनेको आस्थामा अडिग रहनु हो ।

वहाँ भन्नु हुन्छ कि, विशाल जमिन हुनेहरूको पनि सानो तिनो घटनाको कारण जीवन गुमाउने र जमिन खोसिन सक्ने हुन्छ । यसको तुलनामा सद्धर्मपुण्डरीक सूत्रलाई जीवनदान गर्ने अवसर पाउँदा कुनै पश्चाताप रहँदैन । दाइशोनिनले सूत्रका उदाहरणहरू दिएर अझ यसलाई प्रष्ट पार्नु हुन्छः "बोधिसत्व भैषज्यराजले आफ्नो शरीर १२ सय वर्षसम्म आग्निदहन गरेर बुद्ध बन्नु भयो, राजा सुजुदनले १००० वर्ष सम्म आफ्नो शरीरलाई गुरूको शैय्या सरह बनाउनु भयो फलस्वरूप वहाँको पूनर्जन्म शाक्यमुनि बुद्ध भएर भयो । यी दुबै जनाले बौद्ध साधनालाई निरन्तरता दिंदै आफू र अरूलाई पनि बोधिज्ञानको खोजीमा लगाउँदै उच्च आध्यात्मिक अवस्था हासिल गर्नु भयो ।

अनि दाइशोनिन भन्दै जानु हुन्छः

यदि तपाईले अहिले सद्धर्मपुण्डरीक सूत्र माथि आस्था त्याग्नु भयो भने तपाई स्वयंले आफूलाई शत्रुहरूको हाँसोको पात्र बनाउनु हुनेछ । मित्रताको ढोंग लगाएर तिमीलाई पछि हाँसोमा उडाउने र अरूहरूलाई पनि तिम्रो खिल्ली उडाउन लगाउने अभिप्रायका साथ तिनीहरूले तपाईलाई प्रत्याख्यान गराउन मोड्ने प्रयास गर्दछन् । तिनीहरूलाई जे भन्नु छ, भन्न दिनुस् । त्यसपछि तिनीहरूलाई भन्नुस् "धेरै मानिसहरूको अगाडि मलाई सल्लाह दिनु भन्दा सर्वप्रथम तपाई स्वयंले नै किन आफूलाई प्रवोधित गर्नु हुन्न ?" यस भनाईका साथ आफ्नो स्थानबाट जुरूक्क उठेर प्रस्थान गर्नु *(WND -१, ८०१)*

दाइशोनिनले तोकिमिचुलाई आफ्नो विश्वासको लागि साहसी भएर बोल्न, मानसिक रूपले तयार हुन र नडराउन बारम्बार अनुरोध गर्नु हुन्छ । यतिसम्म भन्नु भयो कि, "झूठो कुरालाई स्पष्ट संग र साहसी भएर खण्डन गर्नु । अहिले नै महत्वपूर्ण समय हो, आफ्नो प्रतिज्ञालाई पूरा गर !

यसरी दाइशोनिनले आफ्ना सम्पूर्ण युवा अनुयायीहरूले अंगाल्नु पर्ने भावनालाई स्पष्टसँग कोर्नु हुन्छ । यही नै सधैं युवा जोशको एस.जि.आई. को जोशिलो जोश हो । संवादको सार तत्व भनेको साहस र गतिशिलता हो । दानवीय कार्यलाई परास्त पार्ने एक मात्र उपाय भनेको साहसीक सिंहको गर्जन हो । तसर्थ वहाँ भन्नु हुन्छ कि युवाहरूले शक्तिशाली प्रतिद्वन्द्वी र चुनौतीपूर्ण वाधाहरूको सामना गर्नु पर्दछ । शक्तिशाली प्रतिद्वन्द्वीले हामीलाई बलियो बनाउँछ र बाधाहरूले हाम्रो मानव क्रान्ति गर्नको लागि अवसरको प्रतिनिधित्व गर्दछ ।

सबैजना सक्षम व्यक्तिहरू हुन, सबैको उहेश्य छ

जुलाई १९५७ को ओसाका न्यालीमा मैले अधिकारीको दानवीय प्रकृतिको विरूद्ध लड्ने हाम्रा सदस्यहरूको संकल्पको घोषणा गरेको थिए । अर्को महिनाको सोका गाक्काईको हेडक्वार्टर लिडरहरूको सभामा श्री तोदाले के कुरामा जोड दिनु भएको थियो ? निचिरेन दाइशोनिनको बुद्धधर्मको साधनाले हामीले अवश्य पनि सुख प्राप्त गर्नेछौं । वहाँले लिडरहरूलाई बोलाएर सदस्यहरूलाई न्यानो मार्गदर्शन दिन र अद्भूत

धर्ममा आस्था राखेर हर्षको अनुभव गराउन मद्दत गर्न अह्राउनु भयो ।

त्यस समयमा वृहत ब्लक प्रणाली टोक्योमा लागु गरेको थियो र मलाई कात्सुसिता वार्ड ग्रेटर ब्लक लिडर को पदमा नियुक्ति गर्नु भएको थियो । मैले आफूलाई गाक्काई क्रियाकलापमा सुम्पिए र सेप्टेम्बर देखि क्षेत्रीय कोसेनरूफुको शुरूवातले देश भरी नै प्रभाव पारेको थियो । त्यस घटना भएको ५५ वर्ष भइसकेको छ ।

आराकावामा सम्पन्न गृष्म ऋतु ब्लक मार्गदर्शन र लगत्तैको कात्चुसिका ग्रेटर ब्लक दुबैमा लिडर भएर मैले प्रत्येक सदस्यहरूको बीचमा बलियो सम्बन्ध स्थापना गर्न घर भ्रमण र व्यक्तिगत मार्गदर्शन दिनु पर्नेमा जोड दिए ।

हरेक क्षणको सदुपयोग गर्दै सभा हुनु पूर्व र पश्चात मैले एक पछि अर्को सदस्यहरूको घरमा भ्रमण गरें । कुनै समय, जब घरको ढोकामा छोटो कुराकानी गर्न मात्र समय हुन्थ्यो, त्यहाँ फेरी भेट्न जाने बाचा गर्थे । सबैको नाम र ठेगानाहरू टिप्दै, मैले उनीहरूलाई प्राय जसो प्रोत्साहनका छोटो सन्देशका साथ पोष्टकार्ड पठाउँथे ।

मैले औपचारिक सभाहरू र प्रश्न उत्तरका चरणहरू पनि राख्थे जसले गर्दा सदस्यहरूले मलाई र एक अर्कोलाई चिन्ने अवसर पाउँथे । मैले युवा पुरूष वर्गका सदस्यहरूको कामका समस्या भएको र पुरूष वर्गका सदस्यहरूको पारिवारिक समस्याहरूलाई सुन्दथे । म तिनीहरूसंग प्रार्थना गर्थे र हृदय देखि तिनीहरूलाई प्रोत्साहन दिन्थे ।

> स्थानीय क्षेत्रमा कोसेनरुफु भनेको हाम्रो समूदाय भरि नै जीवन प्रति खुशी र आशा छर्ने अभियान हो । हामी समूदायको खुशीको लागि अद्भूत धर्मलाई अंगाल्नेहरु हाम्रो समुदायको सुखको जिम्मेवार व्यक्तिहरु हौं । हामीहरु यसका अग्रदूत हौं ।

म इमान्दार थिए । मैले सक्दो प्रयास गरे । निचिरेन दाइशोनिनको बुद्धधर्मको साधनाबाट सबैले पूर्ण रूपमा खुशी प्राप्त होस् भन्ने म चाहन्थे ।

हरेक मानिसको नित्तान्त आ-आफ्ना लक्ष्यहरू हुन्छन् । सबै योग्य व्यक्तिहरू हुन् । सबै मित्रहरू हुन् जो अनन्त कर्मको सम्बन्धमा बाँधिएका हुन्छन् ।

मानिसहरूलाई हुर्काउने तरिका भनेको मानिसहरूलाई भेट्नु हो । फूर्तिलो भएर अरूलाई भेट्न पुग्नु महत्वपूर्ण हुन्छ । स्थिर, निरन्तर, जनस्तरीय क्रियाकलापहरू जस्तै छलफल सभा, घर भ्रमण, व्यक्तिगत मार्गदर्शन, प्रश्न-उत्तर, अनौपचारिक सभा आदि विजयका साँचोहरू हुन् । एस.जि.आई. का यी प्रयासहरूमा सफल हुनुका कारण भनेको नै बगेको पानी जस्तै स्थिर र अनवरत प्रयासहरू हुन् । यस सूत्र कहिल्यै परिवर्तन हुने छैन र म भन्न चाहन्छु, यसलाई हामीले कहिल्यै परिवर्तन गर्न दिनु हुन्न ।

स्थानीय क्षेत्रमा कोसेनरूफु भनेको हाम्रो समूदाय भरि नै जीवन प्रति खुशी र आशा छर्ने अभियान हो । हामी समूदायको खुशीको लागि अद्भूत धर्मलाई अंगाल्नेहरू हाम्रो समुदायको सुखको जिम्मेवार व्यक्तिहरू हौं । हामीहरू यसका अग्रदूत हौं ।

निचिरेन दाइशोनिनको इमान्दार प्रोत्साहनका कारण नान्जो तोकिमिचु शुरूगा प्रान्तको कोसेनरूफुको लिडर भएर हुर्कनु भयो । यसैगरि हामीले हाम्रो समूदायमा युवाले नेतृत्व लिने कोसेनरूफुको नयाँ युग उघारौं । युवाहरूलाई भेटौं ! युवाहरूलाई हुर्काउन पूर्ण शक्ति लगाऔं ।

यसको बदलामा हाम्रो युवाहरूले उनीहरूको समूदायहरूको हित तथा खुशीको नेतृत्व वहन गर्न उभिउन् ।

(सेप्टेम्बर २०१२ को सोका गाक्काईको मासिक अध्ययन पत्रिका दाइन्याकुरेङ्गेबाट अनुबाद गरिएको ।)

अनुवादकः सहना श्रेष्ठ

दाईमोकुको शक्तिको बारेमा गुरु इकेदाको मार्गदर्शनः

१) यदि तपाईंले दाईमोकुको शक्ति माथि अविश्वास गरि, त्यसको सट्टा अर्को रणनीति अपनाउनु हुन्छ भने अन्तमा तपाईं पराजित हुनेछ ।

२) जब तपाईंले आफ्नो जीवन पश्चाताप विना कोसेनरुफुको लागि लड्नु हुन्छ भने तपाईंले सौभाग्यहरु संकलन गर्न सक्नु हुन्छ । तपाईंको प्रार्थना एक्यबन्द्ध नभएसम्म कोसेनरुफुले गति प्राप्त गर्न सक्दैन । चाहे कसैले जस्तो सुकै कुराहरु गरोस् वा भनोस् केहीले पनि दाइमोकुको शक्तिलाई क्षय गर्न सक्दैन । तर आस्थालाई विना कार्य अपनाउन सकिंदैन ।

३) गोहोन्जोनले सबैकुरा ठेग्न सक्छ । "आस्था" भन्ने शब्द अत्यन्त अद्भूत छ र एक चोटी तपाईं यस कुरामा गम्भिर भैसकेपछि तपाईंले एक हजार वा दश हजार गुणा भन्दा बढी लाभहरु प्राप्त गर्न सक्नुहुन्छ ।

४) जब तपाईंले प्रशस्त दाइमोकु गर्नुहुन्छ भने तपाईंको बाटोमा आइपर्ने गह्रौं भन्दा गह्रौं फलामको ढोकालाई उघार्ने शक्ति तपाईंमा हुन्छ, यसको अर्थ, तपाईंले आफ्नो जीवनको विशाल अवरोधहरुलाई पार लगाउन सक्नु हुनेछ भन्ने हो ।

५) तपाईंले नकारात्मक कर्मलाई अवश्य बदल्न सक्नु हुन्छ । "आस्था" को संसार भनेको त्यस्तो ठाउँ हो जहाँ हामीहरु मध्ये धेरैले एक्यबन्द्धताका साथ शक्तिशाली दाइमोकु गर्छौं, जसले तेज हावाको जस्तो शक्तिशाली शक्तिलाई सिर्जना गर्दछ ।

६) दाइमोकु जस्तो अरु कुनै कुरा छैन, दाइमोकुले नै सबैकुराको निश्चित गर्दछ । दाइमोकुमा दश लाख मार्गदर्शन अथवा दश लाख दर्शनका पुस्तकहरु भन्दा बढी शक्ति रहेको हुन्छ ।

७) प्रशस्त दाईमोकु गरेर गोहोन्जोनलाई प्रार्थना गर्नुस् । तपाईंलाई चाहिने सबै कुरा गोहोन्जोन सामु राख्नुस् । तपाईंले इच्छा सबै पूर्ण हुनेछ र कोसेनरुफुको मार्ग तपाईंको अगाडि खुल्नेछ ।

८) सबै कुरा तपाईंले गर्ने दाइमोकुमा निर्भर गर्दछ । जब तपाईंले धेरै दाइमोकु गर्नु हुन्छ, तपाईंको कामहरु पूरा हुनेछन् ।

९) आँशु बग्न नरोकिएका थुप्रै रातहरु हुन सक्छन् र वेदनामा डुबेका दिनहरु पनि थुप्रै होलान् । त्यस्तो समयमा म हृदय खोली तपाईंको आँशुहरु बाँड्नेछु ।

१०) तपाईंले मलाई केही नभनेतापनि तपाईंको अनुहार हेरेर तपाईं खुशी हुनुहुन्छ भनने म भन्न सक्छु । तपाईंले केवल आफ्ना समस्या र पीडाहरु भन्नुस् । म तपाईंको आधा बोझ बोकी सहयात्री बन्नेछु ।



शब्द व्याख्यान

पृथ्वीका बोधिसत्वहरुः नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्नुको साथै प्रचार गर्नेहरू। "पृथ्वी" भनेको बुद्ध प्रकृति हो र "बोधिसत्व" भनेको अरूहरूको निम्ति सहयोग गर्न आफ्नो जीवन समर्पित गर्ने व्यक्ति हुन्।

बुद्धः सम्पूर्ण जीवनको सत्य प्रकृतिलाई अनुभूति गर्ने र अरूलाई पनि उस्तै बोधिज्ञान प्राप्त गर्ने तर्फ डोऱ्याउने व्यक्ति हुन्। सम्पूर्ण मानवमा बुद्ध प्रकृति विद्यमान रहेको हुन्छ र विवेक, साहस, करूणा र जीवन-शक्तिको गुणहरूद्वारा चित्रण हुन्छ ।

दाइमोकुः शाब्दिक अर्थमा "शीर्षक" हो। नाम् म्योहो रेङ्गे क्यो को प्रार्थना वा वन्दना गर्ने भन्ने बुझिन्छ।

गोशोः शाब्दिक अर्थमा "महान आदरको उल्लेखनिय लेख": निचिरेन दाइशोनिनको लेखहरू।

मानव क्रान्तिः एक व्यक्तिको अन्तर्रजीवनमा आएको गहन परिवर्तनले समाज र प्राकृतिक वातावरणलाई नै परिवर्तन गर्न सक्ने प्रभावको धारणा हो ।

इचिनेन सान्जेनः शाब्दिक अर्थमा "एक पलमा तीन हजार संसारमा निहित हुनु ।" बौद्ध विद्वान र पुजारी तियनताइद्वारा प्रतिपादन गरिएको दर्शनशास्त्रीय प्रणाली हो जसले दैनिक जीवन र आधारभूत सत्य वीचको सम्बन्धलाई वर्णन गर्दछ।

कर्मः आफ्नो जीवनमा गरेका कार्य र त्यसका असरहरूको संकलन जुन जीवनको गहिराइमा रहेको हुन्छ र जसले भविष्यमा अक्सर अदृष्य प्रभावको रूपमा कार्य गर्दछ ।

कोसेनरुफुः शाब्दिक अर्थमा, "वृहत् रूपमा (बुद्धधर्म) लाई फैलाउनु हो ।" निचिरेन दाइशोनिनको बुद्धधर्मको प्रचार-प्रसारद्वारा सम्पूर्ण मानव जातिको सुख र दिगो शान्ति हासिल गर्नु ।

सद्धर्मपुण्डरीक सुत्रः शाक्यमुनि बुद्धको उच्च शिक्षा जसमा शाक्यमुनिले प्रत्यक्ष रूपमा आफ्नो बोधिज्ञान देशना गर्नुभएको छ र उहाँको पहिलेको उपदेश केवल प्रारम्भिक भएको र उपेक्षा गर्नु पर्दछ भनेर घोषण गर्नु भएको छ।

निचिरेन दाइशोनिन (१२२२-१२८२): मौलिक बुद्ध। बुद्धधर्मको सत्य कारकका संस्थापक जसले अप्रिल २८, १२५३ मा पहिलो चोटी नाम् म्योहो रेङ्गे क्यो को प्रार्थना गर्नुएको थियो।

सोका गाक्काईः शाब्दिक अर्थमा, "मूल्य सिर्जनाको निम्ति समाज हो ।" निचिरेन दाइशोनिनको बुद्धधर्मको संस्थाको नाम हो ।

दश संसारः हरेक व्यक्तिमा निहित जीवनको दश सम्भाव्य अवस्थाहरू हुन् जसबाट क्षण क्षणमा उक्त व्यक्ति गुज्रिरहन्छ। तिनीहरू, नर्क, भोक, रीस, पशुत्व, मानवता, स्वर्ग, शिक्षा, बोध, बोधिसत्व र बुद्धत्व हुन्।

गोहोन्जोनः निचिरेन बुद्धधर्ममा समर्पणको वस्तु। यसमा नाम् म्योहो रेङ्गे क्यो को नियम समाविष्ट हुन्छ जसले सम्पूर्ण जीवनमा व्याप्त गर्दछ र सबै मानिसहरूमा विद्यमान बुद्धत्वको जीवनावस्थालाई अभिव्यक्त गर्दछ। गोहोन्जोनलाई नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्नाले हामी भित्र विद्यमान बुद्धत्वलाई उजागर गर्न समर्थ हुन्छौं। "गो" भन्नाले "आदर्णीय" र "होन्जोन" भन्नाले "आदरको आधारभूत वस्तु" हो।

नाम् म्योहो रेङ्गे क्योः निचिरेन बुद्धधर्ममा प्रतिपादित ब्रम्हाण्डको आधारभूत नियम, जसले जीवनको सही पक्षलाई अभिव्यक्त गर्दछ। यसको प्रार्थना गर्नाले मानिसहरूमा विद्यमान बुद्ध प्रकृतिलाई उजागर गर्दछ र यो एस.जि.आई. का सदस्यहरूको प्रमुख साधना हो। यद्यपि, नाम् म्योहो रेङ्गे क्यो को गहिरो अर्थ यसको साधना गरेपछि मात्र प्रकट हुन्छ तर यसको शाब्दीक अर्थः नाम् (समर्पण), बुद्धधर्मको साधना गर्ने कार्य; म्योहो (अद्भूत धर्म), ब्रम्हाण्डको आवश्यक नियम र यसको प्रकट; रेङ्गे (सद्धर्म), कारण र असरको परस्परता; क्यो (बुद्धको उपदेश), सम्पूर्ण गतिविधि हुन्।

New Human Revolution Series

Vol 1- Vol 20 ₹ 275 EACH

Human Revolution Series

Vol 1-3	₹ 375
Vol 4-6	₹ 375
Vol 7-8	₹ 375
Vol 9-10	₹ 375
Vol 11-12	₹ 400

Eternal Ganges Press Pvt. Ltd.
E-15, 4th Floor, Hauz Khas Market, Hauz Khas, New Delhi - 110016
Phone: 011-46109201, 011-46109203-09
In case of any queries please write to:
sales@eternalganges.com

[All rates are in Indian Rupees]

HIMALAYAN PEACE SERVICE

प्रकाशनः
हिमालयन पिस सर्भिस